मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

समावेशीकरणको संरक्षण गर्नु राज्यको दायित्व हो: प्रधानमन्त्री कार्की
समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ३३ ● २०८२ साल मंसिर २९ गते सोमबार ● Monday 15, December 2025 ● सूर्योदय: बिहान ०६:४७ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## हुलाकी राजमार्गका १८ पुल अलपत्र




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई–मधेशको आर्थिक मेरुदण्डको रुपमा हुलाकी राजमार्गलाई लिइन्छ । तर वर्षौंदेखि निर्माणाधीन हुलाकी राजमार्गको काम अझै सम्पन्न हुनसकेको छैन । राजमार्ग अन्तर्गतका अधिकांश सडकखण्ड निर्माण सम्पन्न भइसकेको छ तर अझै दर्जनौँ स्थानमा पुल निर्माण कार्य हुन सकेको छैन । हुलाकी राजमार्ग अन्तर्गतको जनकपुरधाम कार्यालयका अनुसार बजेट अभावका कारण १८ वटा पुलको ठेक्का प्रक्रिया नै अगाडि बढ्नसकेको छैन । सडक कालोपत्रे भए पनि पुल नहुँदा वर्षायाममा आवागमन अवरुद्ध हुने, गाउँहरू टापुजस्तै बन्ने र आर्थिक गतिविधि ठप्प हुने जस्ता समस्या वर्षेनी निम्तिने गरेको छ ।

हुलाकी सडक योजना कार्यालय, जनकपुरधाम मातहत पर्ने यी पुलका लागि करिब तीन करोड रुपैयाँ लागत अनुमानसहित आवश्यक सबै प्राविधिक विवरण र कागजात तीन वर्ष पहिले नै अर्थ मन्त्रालयमा पठाइए पनि हालसम्म बजेट स्वीकृति नआएकाले ठेक्का प्रक्रिया शुरु हुनसकेको छैन । कार्यालयका अनुसार बजेट सुनिश्चित नहुँदा पूरा हुन लागेको आयोजना नै अलपत्र अवस्थामा पुगेको छ ।

कार्यालयले आवश्यक सबै प्रक्रिया पूरा गरेर पटकपटक फाइल पठाएको तर सम्बन्धित मन्त्रालयबाट स्वीकृति नआउँदा पुल निर्माण अघि बढ्न नसकेको जनाएको छ ।

कार्यालयका अनुसार कमला–बलान सडकखण्डको मैनावती पुल, जनकपुरधाम–कदमचौक–कमला सडकमा पर्ने जोगियारा नदी पुल, बाछाराजा नदी पुल र गरदनिया चोक पुल अझै ठेक्का नलागी रोकिएका छन् । यस्तै यदुकुहा–खजुरी–महुवा सडकखण्डमा पर्ने सरावे आमा हण्डा पुल, जनकपुर–जलेश्वर– भिठ्ठामोड सडकका पर्सा बिग्घी खोला र रातसखोला पुल, जलेश्वर–हार्डी सडकका जंघा खोला, मरहा खोला तथा गेरूका नदी पुल पनि निर्माण शुरु हुन सकेका छैनन् ।

त्यसैगरी जनकपुरधाम–बलवा–पोखरभिण्ड–संग्रामपुर सडकका जंघा खोला र बिघी खोला पुल, शीतलपुर–मलंगवा खरैयाटोल सडकका पुरानो लखनदेही र गदहिया पुल, नयाँरोड– बरहया– मधुवनी सडकका हरकठुवा र धनकौल पुल तथा गोडैता– महिनाथपुर –च्युटाहा –हनैया सडकखण्डमा पर्ने एकादशी पुल पनि ठेक्का प्रक्रियाको पर्खाइमै छन् । हालसम्म हुलाकी राजमार्गअन्तर्गत २२ वटा पुल निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने २१ वटा पुल निर्माणकै चरणमा छन् । तर बाँकी पुल नबन्दा कालोपत्र भएका सडकसमेत वर्षायाममा प्रयोग गर्न कठिन भएको स्थानीयवासीको गुनासो छ ।

स्थानीय रामपुकार महतोका अनुसार बाढी आउँदा गाउँ–गाउँ टापुजस्तै बन्ने, किसानले उत्पादन बजारसम्म पु¥याउन नपाउने र विद्यालय, स्वास्थ्य संस्था तथा बजारसम्म पुग्नसमेत जोखिम मोल्नुपर्ने अवस्था छ । 'सडक बने पनि पुल नहुँदा त्यसको कुनै अर्थ रहँदैन,' उनले भने ।

हुलाकी सडक आयोजना जनकपुर खण्डको कुल ४ सय ३ किलोमिटर सडकमध्ये हाल ६१ किलोमिटर मात्रै कालोपत्रे हुन बाँकी छ । योजना कार्यालयका अनुसार बाँकी खण्डमा काम तीव्र गतिमा भइरहेको र कुनै अवरोध नआए चालु आर्थिक वर्षको अन्त्यसम्म एक चरणमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । तर पुल र सडक समयमै सम्पन्न गर्न चालु आर्थिक वर्षमा करिब डेढ अर्ब रुपैयाँ बजेट आवश्यक पर्ने अनुमान गरिएकोमा सरकारले ५९ करोड ९० लाख रुपैयाँ मात्रै विनियोजन गरेको छ । तराई–मधेशको सीमावर्ती क्षेत्रको विकास, कृषि उत्पादनको बजार पहुँच र क्षेत्रीय व्यापार विस्तारमा महत्वपूर्ण मानिएको हुलाकी राजमार्ग बजेट अभाव र प्रशासनिक ढिलाइका कारण निर्धारित समयमै सम्पन्न हुन नसक्दा सरकारको विकास प्रतिबद्धतामाथि प्रश्न उठ्न थालेको छ ।

## के समानुपातिक उम्मेदवार बनेर ठाकुर प्रतिनिधिसभा पुग्लान् ?



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले नेतृत्व छोडेर अन्य नेतालाई सुम्पिनु पर्ने आवाज उठ्दै आइरहेको छ । तर ठाकुर तराई मधेश लोकतान्त्रिक पार्टी (लोसपा) नेपाल गठन गर्दादेखि लोसपासम्म आइसक्दा निरन्तर नेतृत्वमा रहँदै आइरहेका छन् ।

हुन त ठाकुर उमेरको हिसाबले पनि बृद्ध भइसकेका छन् । त्यसैले प्रत्यक्ष निर्वाचन लड्न नहुने कुरा बेलाबखत उठ्दै आईरहेको छ । फेरि अहिले आएर आगामी प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक सूचीमार्फत संसद् प्रवेश गर्ने तयारीमा ठाकुर त छैनन् भन्ने चर्चा शुरु भइसकेको छ । शनिबार बसेको सर्लाही जिल्ला समितिको बैठकले ठाकुरको नाम समानुपातिक उम्मेदवारका रूपमा केन्द्रमा सिफारिस गरेपछि उनको संसद् यात्रालाई लिएर राजनीतिक वृत्तमा चर्चा बढेको छ ।

सर्लाही जिल्ला सचिव मिथलेश यादवका अनुसार फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अध्यक्ष ठाकुरको नाम समानुपातिकतर्फ सिफारिस गरिएको हो । यस निर्णयसँगै ठाकुर यसपटक प्रत्यक्ष निर्वाचनभन्दा समानुपातिक प्रणालीमार्फत संसद् पुग्ने रणनीतिमा रहेको संकेत मिलेको छ ।

अध्यक्ष ठाकुर यसअघि सर्लाही निर्वाचन क्षेत्रबाट दुई पटक प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका थिए । तर २०७९ सालको निर्वाचनमा भने उनी महोत्तरी–३ बाट निर्वाचित हुँदै संघीय संसदमा पुगेका थिए ।

२०७९ साल अघिको निर्वाचनमा यही निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभामा पुगेका थिए । पछिल्ला चुनावी अनुभव र दलको रणनीतिका आधारमा यसपटक समानुपातिक सूचीमार्फत संसद् यात्रा तय गर्ने तयारीमा उनी देखिएको कतिपय बताउँछन् ।

तर ठाकुर प्रत्यक्ष निर्वाचन लड्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिदैन ।

जिल्ला समितिको बैठकले प्रत्यक्षतर्फ पनि विभिन्न निर्वाचन क्षेत्रका उम्मेदवारको नाम केन्द्रमा सिफारिस गरेको छ । सर्लाही–१ बाट लोसपा नेपालका उपाध्यक्ष रामप्रकाश चौधरीको एकल नाम सिफारिस गरिएको छ भने सर्लाही–४ बाट महासचिव मनिष मिश्र र सर्लाही–३ बाट सचिव रामेश्वर रायको नाम पठाइएको छ । त्यस्तै सर्लाही–२ बाट भिनुकलाल राय, रञ्जितकुमार ठाकुर र वीरवंश बैठाको नाम सिफारिस गरिएको छ ।

समानुपातिकतर्फ महन्थ ठाकुरसँगै अञ्जुदेवी बैठा, मिनादेवी महतो, सरिता देवी साह, सुनिताकुमारी देवी, कामरेन्द्र वर्मा र रेखाकुमार साहको नाम पनि केन्द्रमा सिफारिस गरिएको जिल्ला सचिव यादवले जानकारी दिएका छन् ।

पार्टीको विधानअनुसार समानुपातिक तथा प्रत्यक्षतर्फका उम्मेदवारको अन्तिम टुंगो लोसपा नेपालको केन्द्रीय नेतृत्वले गर्नेछ । तर जिल्ला तहबाट आएको सिफारिसले अध्यक्ष ठाकुरको यसपटकको चुनावी रणनीति स्पष्ट हुँदै गएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

## बिपी उद्यानको अस्थायी टहरामा महानगरको डोजर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घण्टाघर नजिकै रहेको बीपी उद्यान क्षेत्रमा रहेका अस्थायी घर टहरा वीरगंज महानगरपालिकाले डोजर प्रयोग गरी भत्काएको छ । महानगरपालिकाको नेतृत्वमा नगर प्रहरी र सशस्त्र प्रहरी बलको सुरक्षा टोली, उद्यान खाली गराउन परिचालन गरिएको थियो । सार्वजनिक स्थलको संरक्षण, शहरी व्यवस्थापन तथा उद्यानलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले कदम चालिएको महानगरपालिकाले जनाएको छ ।

महानगरपालिकाका अनुसार बिपी उद्यानलाई सार्वजनिक प्रयोजनका लागि व्यवस्थित, सुरक्षित र आकर्षक स्थलका रूपमा विकास गर्ने योजना अन्तर्गत अवैध तथा अस्थायी संरचना हटाउने काम चरणबद्ध रूपमा अघि बढाइएको हो । यस क्रममा यस क्षेत्रमा रहेका पाँचवटा अस्थायी झुपडी र एउटा पुरानो कन्टेनरको ढालामा आगो लागेको छ ।

सुरक्षाकर्मीले आगो लगाएको स्थानीयको भनाई छ भने सो कुरालाई सुरक्षा टोलीले झुठा आरोप भन्दै अस्विकार गरेको छ ।

उद्यान क्षेत्रमा लामो समयदेखि अस्थायी रूपमा सञ्चालन हुँदै आएको थोक तरकारी तथा फलफुल बजारका व्यवसायीहरू भने महानगरपालिकाको यो कदमप्रति आक्रोशित बनेका छन् । उनीहरूले महानगर विरुद्ध केही बेर नाराबाजी समेत गरेका थिए । पूर्वसूचना र वैकल्पिक व्यवस्थापन तथा पुनस्र्थापनाको योजना बिना नै महानगरपालिकाले डोजर चलाइएको व्यावासायीहरूले आरोप लगाएका छन् ।

अचानक बजार हटाइँदा ठूलो आर्थिक क्षति भएको र रोजीरोटी गुमेको उनीहरूको गुनासो छ । त्यसैगरि बिपी उद्यान क्षेत्रमा रहेको दलित बस्तीका बासिन्दाले वैकल्पिक बसोबासको व्यवस्था नगरी संरचना हटाइनु अमानवीय भएको प्रतिक्रिया दिएका छन् । व्यवसायी तथा स्थानीयवासीहरूले उचित व्यवस्थापन, वैकल्पिक स्थानको व्यवस्था र क्षतिपूर्तिको माग गरेका छन् । उनीहरूले माग सम्बोधन नभए आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका छन् ।

## जनतामा देखिएको असन्तुष्टि समाधान खोज्न जरुरी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका अर्थमन्त्री महेश यादवले जनतामा बढ्दै गएको वितृष्णा र असन्तुष्टिको कारणको विषयमा गम्भीरतापूर्वक सोच्ने समय आएको बताएका छन् । हरेक विषयमा जनता असन्तुष्ट देखिनु सामान्य कुरा नरहेको बताउँदै मन्त्री यादवले समस्या पहिचान गरी समाधानतर्फ अग्रसर हुनु सबै पक्षको जिम्मेवारी रहेको बताए ।

मधेशको आम सञ्चार प्राधिकरणद्वारा आयोजित कृत्रिम बुद्धिमत्तासम्बन्धी प्रशिक्षण कार्यशाला गोष्ठीमा बोल्दै अर्थमन्त्री यादवले जनप्रतिनिधि, सरकार, सञ्चार माध्यम र नागरिक समाज सबैले जनताप्रति दायित्वबोध गरे काम गर्नु आवश्यक रहेको बताए । मन्त्री यादवले वर्तमान मधेश सरकार २०८४ सालसम्म स्थायी रूपमा अगाडि बढ्ने दाबी गर्दै राजनीतिक अस्थिरताको हल्लाले विकास र सुशासनको यात्रालाई अवरुद्ध गर्न नहुने स्पष्ट गरे । अर्थमन्त्री यादवले सूचना प्रविधि र एआइको प्रयोगले शासन प्रणालीलाई पारदर्शी, प्रभावकारी र उत्तरदायी बनाउन सकिने उल्लेख गरे । यस्ता प्रविधिको सही उपयोगले सेवा प्रवाह छिटोछरितो बनाउने र जनताको विश्वास पुनःस्थापित गर्न सहयोग पुग्ने उनको भनाई थियो । उनले पत्रकारिता क्षेत्रमा पनि एआइको प्रयोगले तथ्यपरक, छिटो र विश्वसनीय समाचार सम्प्रेषणमा मद्दत गर्ने विश्वास व्यक्त गरे ।

## छोटी भन्सार कार्यालय खुलाउन आमरण अनशन

**मधेशदृष्टि**
**रौतहट ।**
परोहा नगरपालिका वडा नम्बर ९ रामपुर खापमा रहेको छोटी भन्सार कार्यालय पुनः सञ्चालनको माग गर्दै सिमाना संघर्ष समिति ले अनिश्चितकालीन आमरण अनशनमा बसेका छन् ।

समितिका अध्यक्ष तथा पुर्व शिक्षक हाजी शेख तजमुल हकका अनुसार आमरण अनशन आइतबार बेलुका करिब ३ बजेदेखि खाप छोटी भन्सार कार्यालयको प्राङ्गणमा शुरु गरिएको हो । सो समितिका अनुसार सोमबार बिहानदेखि पूर्व गाविस उपाध्यक्ष जगत लाल यादव तथा समाजसेवी साहेब शाह कानु पनि अनशनमा सहभागी हुने कार्यक्रम रहेको छ ।

कोरोना महामारीको समयमा रामपुर खाप नाकाबाट चारपाङ्ग्रे सवारी साधनको आवतजावत स्थानीय सशस्त्र प्रहरी बलको बिओपी रामपुर खापले पूर्णरूपमा बन्द गरेको थियो । तर कोरोना महामारी समाप्त भइसक्दा पनि हालसम्म सीमा नाका सञ्चालन गर्न आनाकानी भइरहेको स्थानीयको गुनासो छ ।क्षेत्रबाट चारपाङ्गरे सवारीकोभारत आवत जावत सहज नहुदा सीमावर्ती गाउँ–टोलका बासिन्दाहरूलाई विवाह, काजक्रिया, उपचार, घरायसी कामकाज तथा दैनिक किनबेचका लागि ठूलो समस्या उत्पन्न भइरहेको बताइएको छ । यसअघि पनि सोही माग राख्दै आमरण अनशन बसेको भए तापनि तत्कालीन जिल्ला प्रशासन कार्यालयका प्रमुख, जिल्ला प्रहरी कार्यालयका सहायक प्रमुख तथा सशस्त्र प्रहरी बलका प्रमुखले मौखिक आश्वासन दिएपछि अनशन तोडिएको थियो । तर करिब एक वर्ष बितिसक्दा पनि कुनै ठोस पहल नभएपछि पुनः आमरण अनशन शुरु गर्न बाध्य भएको सिमाना संघर्ष समितिको भनाइ छ ।

आइतबारको अनशनप्रति सरोकारवाला निकायबाट कुनै चासो नदेखाइएको भन्दै स्थानीय सर्वसाधारणले व्यापक गुनासो व्यक्त गरेका छन् । समितिले समयमै ध्यान नदिइए मानवीय क्षति हुन सक्ने चेतावनी दिँदै त्यसको सम्पूर्ण जिम्मेवारी जिल्ला प्रशासन कार्यालयका प्रमुखले लिनुपर्ने जनाएको छ ।

# राजधानीमै छैन पर्यटक बसको बसपार्क

**काठमाडौँ ।**
मुलुकको सङ्घीय राजधानी काठमाडौँमा पर्यटक बसका लागि छुट्टै बसपार्क नहुँदा सडकबाट गुड्न बाध्य भएका छन् ।

मुलुकको आर्थिक मेरुदण्डको मुख्य आधारका रुपमा रहेको पर्यटक बसका लागि व्यवस्थित बसपार्क नहुँदा काठमाडौँ महानगरपालिका–१६ सोह्रखुट्टेस्थित सडकबाट पर्यटक बस गुड्न बाध्य भएका हुन् ।

विगत तीन दशकदेखि काठमाडौँको कान्तिपथ सडकलाई पर्यटक बसपार्कका रुपमा सञ्चालन गर्दै आए पनि विसं २०७५ असार १६ गतेदेखि उक्त बसलाई काठमाडौँ महानगरपालिका–१६ सोह्रखुट्टेको सडकबाट सञ्चालन गरिएको थियो । महानगरपालिका, ट्राफिक प्रहरीलगायतले कान्तिपथ क्षेत्रमा धेरै भीडभाड हुने भएकाले उक्त क्षेत्रबाट पर्यटकीय बसपार्क हटाएर सोह्रखुट्टे सडकमा सारेको थियो । कान्तिपथबाट सोह्रखुट्टे सडकमा पर्यटक बसपार्क सरेको सात वर्ष बितिसक्दा पनि पर्यटक बसपार्कका लागि छुट्टै स्थान नहुँदा सडकबाटै पर्यटक बस गुड्न बाध्य भएका छन् । हाल पर्यटक बस काठमाडौँदेखि पोखरा, चितवनको सौराहा, लुम्बिनी र जनकपुरलगायतका प्रमुख पर्यटकीयस्थलमा स्वदेशी तथा विदेशी पर्यटक लैजानका लागि सञ्चालन हुँदै आएका छन् ।

सोह्रखुट्टेबाट चल्ने पर्यटकीय बस बिहान ७:०० बजे स्वदेशी तथा विदेशी पर्यटक बोकेर पोखरा, सौराहा, लुम्बिनी र जनकपुर जाने गरेका छन् । टुरिष्ट बस एशोसिएसन अफ नेपाल (टिवान)का अध्यक्ष भीष्म न्यौपाने सरकारले पर्यटक बसलाई उपेक्षा गरेको बताउछन् ।

'सरकारले पर्यटनमार्फत मुलुकको अर्थतन्त्रलाई उकास्ने भनिरहेको छ, तर पर्यटक बसका लागि पार्किङ गर्न छुट्टै बसपार्क नहुँदा समस्या परेको छ', उन भने । राज्यले पर्यटकीय बसपार्कले पहिलो प्राथमिकता दिनुपर्ने उनको भनाइ छ । विश्वका धेरै मुलुकले पर्यटन क्षेत्रको विकासका लागि पर्यटक बोक्ने सवारीसाधनलाई छुट्टै बसपार्कका रुपमा विकास गरेको भए पनि नेपालमा भने विकास नगरेको अध्यक्ष न्यौपाने बताउछन । कान्तिपथ सडकबाट बसपार्क हटाएर सोह्रखुट्टे लगे पनि सरकारले राजधानीको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा रहेको ठमेल क्षेत्र वरपर नै बसपार्क निर्माण गर्नुपर्ने अध्यक्ष न्यौपानेको भनाइ छ । हाल काठमाडौँबाट पोखरा, चितवनको सौराहा, लुम्बिनी र जनकपुरका लागि झण्डै १०० पर्यटकीय बस आवतजावत गर्दै आएका छन् । उक्त सवारीसाधनले दैनिक दुई हजारदेखि तीन हजारको हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकलाई गन्तव्यस्थलमा पुऱ्याउँदै आएका छन् ।

टिवानका पूर्वध्यक्ष एवं बाबा एड्भाञ्चर प्रालिका सञ्चालक प्रह्लाद लोहनी पर्यटक बसको बसपार्क निर्माणका लागि टिवानले पहिलेदेखि नै सम्बन्धित निकायमा झकझक्याउँदै आए पनि हालसम्म बसपार्क निर्माण हुन नसकेको बताउछन । सरकारले पर्यटक बसपार्क निर्माणका लागि आवश्यक चासो नदिँदा बसपार्क बन्न नसकेको उनको भनाइ थियो ।

व्यवसायीले हाल बिहान ५:०० देखि ७:०० बजेसम्म सोह्रखुट्टे सडकमा पर्यटकीय बस पार्किङ गरेर यात्रु बोक्दै आएका छन् भने रातको समयमा विभिन्न ग्यारेजमा शुल्क तिर्न बाध्य छन् ।रासस

# डेङ्गीको सङ्क्रमण घट्दो क्रममा

**चितवन ।**
जाडो समय सुरु भएसँगै जिल्लाका अस्पतालमा आएका बिरामीमा डेङ्गी र स्क्रब टाइफसको सङ्क्रमण घट्दो क्रममा रहेको छ । गत वर्षको तुलनामा मङ्सिरमा दुवै रोगको सङ्क्रमण घटेको पाइएको छ ।

जनस्वास्थ्य कार्यालयका अनुसार गत आर्थिक वर्षमा मङ्सिरमा ११३ जनामा डेंङ्गी देखिएकामा यस वर्ष १२ जनामा यो रोगको सङ्क्रमण भेटिएको छ । कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार यस आवमा पाँच हजार ९२३ जनाको नमुना परीक्षण गरिएकामा अहिलेसम्म १७४ जनामा डेङ्गीको सङ्क्रमण देखिएको हो ।

गत आवको मङ्सिरसम्ममा एक हजार ४६३ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो । गत आवभर १७ हजार ३५३ जनाको परीक्षण गर्दा एक जनाको मृत्यु भएको थियो ।

जिल्लामा गत वर्ष साउनमा १६०, भदौमा ३४९, असोजमा ४८७, कात्तिकमा ३३४ र मङ्सिरमा ११३ जनामा डेङ्गीको सङ्क्रमण देखिएको उनले जानकारी दिए । उनका अनुसार यसवर्ष साउनमा ४२ जना, भदौमा ४४ जना, असोजमा २९ जना, कात्तिकमा ४७ जना र मङ्सिरमा १२ जनामा डेङ्गीको सङ्क्रमण देखिएको छ ।

गत वर्षको तुलनामा यो वर्ष चितवनमा डेङ्गीको सङ्क्रमण कम पाइएको उनले बताए । उनले भने, 'पुस लागेसँगै यो रोगको सङ्क्रमण घट्दै जान्छ ।'

यो रोग बढीमात्रामा सहरी क्षेत्रमा देखिएको उनले जानकारी दिए । एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्छ । डेङ्गी प्रजाति कुन हो र कसरी यसको विकास भएको छ भन्ने अध्ययन गर्न आवश्यक रहेको उनले बताए ।रासस

# घरबासले फेरिँदै कोरिखाका महिलाको दैनिकी



**तनहुँ ।**
पहिलाको रिखा गाउँकाका अधिकांश महिला खेतीपातीमा रमाउँथे । महिलाको दैनिकी घर, परिवार र खेतीपाती सम्हाल्ने गर्थे । तर पछिल्लो समय होमस्टे (घरबास)सञ्चालनमा आएपछि गाउँमा आयआर्जन गर्ने नयाँ माध्यम बन्नुका साथै यहाँका महिला आत्मनिर्भर बन्दै गएका छन् । तनहुँको बन्दीपुर गाउँपालिका–५ मा रहेको कोरिखा सामुदायिक घरबास विसं २०७५ देखि सञ्चालनमा आएको हो । सुरुआतमा गाउँका २४ मध्ये ११ परिवारको सहभागितामा सञ्चालनमा ल्याइएको घरबास अहिले विस्तार हुँदै गएको छ ।

सामुदायिक घरबासको आफ्नै भवन निर्माण सम्पन्न भइसकेको जनाउँदै घरबासकी अध्यक्ष सावित्री गुरुङले ५० जना पाहुना सहिजै बस्न मिल्नेगरी संरचना बनाइएको बताईन । गाउँमा रोजगारीको अभावका कारण युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका उल्लेख गर्दै उनले भनिन 'युवालाई गाउँमै रोक्न सकियोस् भन्ने उद्देश्यले आफ्नै ठाउँमा केही गरौँ भन्ने सोचबाट होमस्टे सुरु गरेका हौँ ।'

बन्दीपुर–५ को कोरिखा क्षेत्रमा घरबास सञ्चालन गरिरहनुभएकी सोममाया गुरुङले भनिन, 'पहिला घरधन्दा र खेतीपातीमै समय बित्थ्यो । होमस्टे सुरु भएपछि पाहुनालाई सेवा दिन पाउँदा सानो भए पनि आम्दानीको बाटो खुलेको छ ।

आफ्नै घरबाट आम्दानी हुन थालेपछि आत्मविश्वास पनि बढेको छ ।'

घरबास सञ्चालक चिनिमाया गुरुङले आम्दानीको स्रोत स्थापित हुँदै गएपछि आत्मविश्वास बढ्नुका साथै गाउँमै केही गर्न सकिन्छ भन्ने विश्वास दिलाएको बताईन । कम आम्दानी भए पनि घरखर्च चलाउन सहज भएको उनको भनाइ छ । पाहुनासँग घुलमिल हुँदा हाम्रो संस्कृति, कला, परम्पराका चिनाउन पाउँदा खुसी लाग्ने उनको अनुभव छ ।

घरबासमा आउने पाहुनालाई बेलुकाको खाजा, खाना र बास तथा बिहानको खाजासहित प्रतिव्यक्ति ८०० रुपैयाँ को एकमुष्ट योजना (प्याकेज) उपलब्ध गराउने गरिएको चिनिमायाले जानकारी दिईन । 'यहाँ विशेषगरी स्थानीयस्तरमा उत्पादित ढिँडो, लोकल कुखुरा, खसी तथा बोकाको मासु, कोदोको रोटी र मह खुवाउने गरिन्छ । साथै स्थानीय संस्कृति झल्कने कौरा, चुड्का र घाटु नृत्यसमेत प्रस्तुत गरिन्छ', उनले भनिन ।

पर्यटन पहुँचका हिसाबले पनि कोरिखा सहज स्थानमा पर्दछ । पृथ्वी राजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका–५ याम्पाबाट करिब छ किलोमिटर दूरीमा रहेको कोरिखा सवारीसाधनबाट करिब १५ मिनेटमा पुग्न सकिन्छ । त्यस्तै, डुम्रेबाट बन्दीपुर हुँदै वा बन्दीपुर बजारबाट बाहुन भञ्ज्याङ पार गरी करिब १५ मिनेटको सवारीयात्रामा कोरिखा पुग्न सकिन्छ ।रासस

# पक्की पुल निर्माणले नागरिकलाई सहज बनायो

**गुल्मी ।**
लामो समयको प्रतिक्षापछि गुल्मीको पश्चिम क्षेत्रमा पक्की पुल निर्माण भएपछि त्यस क्षेत्रका नागरिकलाई सहजता पुगेको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालयअन्तर्गत पश्चिमी भेगको छल्दीदेखि फूलबारीसम्म चार वटा पक्की पुल निर्माण भएका छन् ।

पक्की पुल बनेपछि त्यस क्षेत्रका हजारौँ मानिस र सयौँ सवारीसाधनलाई खोला तरेर जोखिम पूर्ण यात्रा गर्ने बाध्यता टरेको छ । पक्की पुल निर्माणका लागि राजनीतिक दलका नेताहरुको लामो प्रयासपछि पुल निर्माणको कामले सार्थकता पाएको स्थानीय सुरेन्द्र पाण्डेयले बताए ।

जिल्लाको इस्मा गाउँपालिका, धुर्कोट गाउँपालिका र मालिका गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने खोलामा चार वटा पक्की पुल एकैपटक निर्माण भएसँगै त्यस क्षेत्रमा नागरिक यतिबेला निकै खुसी बनेका छन् । चाडबाडका समयमा घरमा आउँदा सधैँ खोला तरेर यात्रा गर्नुपर्ने चिन्ताले पिरोलिरहने त्यस क्षेत्रका नागरिकलाई पुल बनेपछि निकै सहज भएको स्थानीय मनबहादुर मुखियाले बताए । उक्त क्षेत्रमा लामो समयको प्रयासपछि एकैपटक चार वटा पक्की पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएका हुन् । सञ्चालनमा आएका पक्की पुलमा फूलबारी खोला, घमिर खोला, हुलाके खोला र धनार्जी खोला गरी चार वटा रहेका छन् । निर्माण सम्पन्न गरिएका पुलमा फूलबारी खोलाको पुल तीन करोड ३२ लाख ६८ हजार रुपैयाँ र घमिर खोला पुल तीन करोड १३ लाख ८४ हजार रुपैयाँ मा निर्माण सम्पन्न मदन भण्डारी राजमार्ग योजना कार्यालयका इञ्जिनियर एवं सूचना अधिकारी होमनाथ पौडेलले जानकारी दिए । उक्त पुल निर्माणको काम पन्थ निर्माण सेवाले गरेको थियो ।

त्यसैगरी, सुनील समीर निर्माण सेवाद्धारा हुलाके खोला पुल पाँच करोड ७९ लाख ५३ हजार रुपैयाँ र धनार्जी खोला पुल सात करोड ४८ हजार रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको इन्जिनियर पौडेलले बताए । मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास–सिमलटारी सडक खण्डमा खोलामा पक्की पुल नहुँदा वर्षाको समयमा त्यस क्षेत्रका मानिसले ठूलो समस्या भोग्दै आउनुपरेको स्थानीय कृष्णप्रसाद अर्यालले बताए ।

पुल नहुँदा वर्षौंदेखि खोलाको बीचबाट सवारीसाधन सञ्चालन गर्नुपर्ने बाध्यता थियो । वर्षाको समयमा बाढी आउँदा कतीपय सवारीसाधन खोला तर्ने क्रममा बीचमा अड्किने र कतिपय सवारीसाधन बाढीले बगाउनेजस्ता समस्या थियो । त्यसका कारण यात्रुलाई वर्षौंदेखि खोला वारिपारी गर्न कठिनाइ हुने गरेको थियो । अहिले त्यस क्षेत्रमा चार वटा पक्की पुल एकैचोटी निर्माण सम्पन्न भएर सहज रुपमा सवारीसाधन सञ्चालन भएपछि त्यस क्षेत्रका नागरिक निकै खुसी बनेको इस्मा-१ गुरुवाका स्थानीय दधिराम पन्थीले बताए ।

उक्त पक्की पुल निर्माण भएपछि जिल्लाको पश्चिमी क्षेत्रका चार वटा स्थानीय तहसँगै बागलुङ र प्यूठानसम्मका नागरिकलाई सहज बनेको मालिका–६ का पूर्ववडाध्यक्ष शोभाखर गिरीले बताए । 'पुल नहुँदा नागरिकले लामो समयदेखि पटकपटक समस्या र दुर्घटनाको जोखिम व्यहोर्दै आउनुपर्ने बाध्यता जस्तै बनेको थियो । अब खोलामा पक्की पुल बनेपछि विगतका समस्या समाधान गरिदियो, कालोपत्र सडकसँगै पुल निर्माण भएपछि यस क्षेत्रमा विकासले पनि नयाँ आयाम थप्ने भएको छ', गिरीले भने । तम्घास–सिमलटारी खण्डमा सडक र पुल निर्माण भएपछि छल्दी पनाहा, झरना, हुलाके, धनार्जी, चौरासी, राङ्दल, फूलबारी, सिमलटारीलगायत स्थानमा व्यापारिक चहलपहलसमेत बढ्न थालेको छ ।रासस

# पाँचखाल खानेपानी आयोजना अन्तिम चरणमा

**काभ्रेपलाञ्चोक ।**
निर्धारित समयसीमाभन्दा तीन वर्षपछि निर्माणाधीन पाँचखाल–सुनकोसी खानेपानी आयोजना अन्तिम चरणमा पुगेको छ । अन्तिम चरणअन्तर्गत पाँचखाल नगरपालिकाका छ हजार परिवारमा खानेपानी पु¥याइएको छ । योसँगै आयोजनाबाट यहाँका ३१ हजार नागरिक लाभान्वित हुनेछन् ।



विविध कारण समयसीमाभन्दा तीन वर्षपछि आयोजना निर्माण सकिन लागेको हो । निर्माणाधीन उक्त आयोजनाको भौतिकतर्फ करिब ९९ प्रतिशत प्रगति हासिल भएको आयोजना कार्यालयले जनाएको छ ।

गत वर्षको असोजमा आएको बाढीपहिरोले क्षतिग्रस्त बनेपछि आयोजनाको मर्मत एवं पुनर्निर्माण गरिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुमार लामिछानेले बताए । साथै सुनकोशी नदीस्थित स्रोतबाट पानी ल्याएर पाँचखाल–९ डाँडागाउँस्थित ३९ लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्र तथा ओभरहेड ट्याङ्कीमा पानी सङ्कलन गरी परीक्षण सकेर औपचारिक रूपमा लक्षित बस्तीसम्म वितरण गरिएको उनले जानकारी दिए ।'थपिएकासमेत केही परिवारमा पानी पु¥याउन थप अनुसन्धान भइरहेको छ, आयोजना अन्तिम चरणमा पुगेकाले पुस दोस्रो सातासम्म पूर्ण रूपमा सञ्चालनमा ल्याउने लक्ष्य राखेका छौँ', लामिछानेले भने । उनका अनुसार स्रोतबाट पूर्ण क्षमतामा प्रतिसेकेण्ड ८४ लिटरका दरले पानी प्रशोधन केन्द्रमा ल्याइ उपभोक्ताका घरमा पानी पठाइएको छ । उपभोक्ता समितिले गत वर्षको असोजमा पहिलो चरणमा खानेपानी दिलाउने योजना बाढीपहिरोले मुहान क्षेत्रमा डुबान गर्नुका साथै करिब ७५ मिटर घेरा तथा पर्खाल भत्काएको, ४८ स्थानमा वितरण पाइप तथा केही संरचनामा एक करोड ७० लाख रुपैयाँ क्षति पु¥याएपछि योजना असफल भएको थियो । दातृ निकायसँगको समन्वयमा समयावधि थप्दै आयोजना सफल बनाइएकामा समितिले औपचारिक रूपमा उद्घाटन गर्न भने बाँकी रहेको जनाएको छ । आयोजनाको कार्य अन्तिम चरणमा पुगेसँगै प्रतिघण्टा तीन लाख दुई हजार ४०० पानी सहज रूपमा तान्न सकिने समितिका अध्यक्ष लामिछानेले जानकारी दिए । उनका अनुसार आयोजनाको लक्ष्यअनुसार लगातार २० घण्टा पानी तान्दा ६० लाख ४८ हजार लिटर पानी उपभोग गर्न सकिनेछ । आयोजनाअन्तर्गत भौतिकतर्फ सुनकोसी नदी किनारमा छ वटा इनार, चार÷चार लाख लिटर क्षमताका दुई वटा पानी सङ्कलन ट्याङ्की, तीन लाख लिटरको ओभरहेड ट्याङ्की, १० वटा नयाँ वितरण ट्याङ्की, छ ब्रेक प्रेसर ट्याङ्की र १५ वटा पाले घर निर्माण सम्पन्न भएका छन् । त्यस्तै, पाँच वटा जेनेरेटर राख्ने घर, ट्याङ्की वरपर पर्खाल तथा तारबार लगाउने, छ किलोमिटर पानीको मुख्य प्रसारण लाइन, ३७ किमी शाखा प्रसारण लाइनमध्ये ३५ किमी, २३० किमी वितरण पाइप लाइनमध्ये २२० किमीको काम सम्पन्न भएको समितिले जनाएको छ । हाल कूल छ हजार ३७ धारा सञ्चालनमा आएका छन् ।सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, नगर विकास कोष, पाँचखाल नगरपालिका र खानेपानी उपभोक्ताबीच विसं २०७९ माघ मसान्तसम्म सम्पन्न गर्नेगरी विसं २०७७ असार १५ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । आयोजनाको काम कोरोना सङ्क्रमण, मेलम्चीमा आएको बाढी तथा गत असोजको बाढीपहिरोका कारण पूर्वाधारमा क्षति पु¥याएपछि लम्बिएको हो । पाँचखाल नगरमा खानेपानी व्यवस्थापन गर्न भुम्लु गाउँपालिका–१० विमिरेस्थित सुनकोसी नदी किनारमा इनार तथा लिफ्टिङ प्रविधिका भौतिक पूर्वाधार निर्माण गरिएको समितिका अध्यक्ष लामिछानेले बताए । उनका अनुसार एक अर्ब ४७ करोड ४३ लाख ६० हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न हुने आयोजनाबाट पाँचखाल नगरपालिका–२, ३, ४, ६, ७, ८, ९, १०, ११ र १२ का छ हजार ३७ घरका ३१ हजार ४१५ जना नागरिक लाभान्वित भएका हुन् । दैनिक प्रतिव्यक्ति १९२ दशमलव शून्य पाँच लिटर पानी उपभोग गर्न पाउने प्रक्षेपण गरिएको आयोजना कार्यालयले जनाएको छ । यस आयोजनाबाट सन् २०४० सम्म ४५ हजार नागरिक लाभान्वित हुने प्रक्षेपण गरिएको हो ।

सम्झौताअनुसार दातृ निकाय, नेपाल सरकारसहित उपभोक्ताको पाँच प्रतिशत परिवारले प्रतिपरिवार १८ हजार रुपैयाँका दरले रकम बुझाएका हुन् । त्यस्तै, आयोजनाका लागि सम्झौता अनुसार २१४ विपन्न वर्गका उपभोक्ताले भने स्थानीय सहकारी संस्थाबाट ऋण लिई खानेपानीका लागि रकम बुझाएका छन् ।रासस

नेपाल
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यनस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय

समानगढ, बारा

**विषय : हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना ।**

उप्रान्त श्री रामफल साह तेलीको परनाती सुखल साह तेलीको नाती हृदय साह तेलीको छोरा साविक पिपरपाति पचरौता गाविस वडा नं. ६ हाल पचरौता नगरपालिका वडा नं.१ मा बस्ने रामपुकार साह तेली, रामकुमार साह तेली, मदन प्रसाद साह तेली र पंचानन्द प्रसाद तेलीले तपसिलमा विवरण भएको जग्गा दा.खा./नामसारी गरी जग्गाधनि प्रमाण पुर्जा पाउँ भनी रामपुकार साह तेली समेतले माग गर्नु भएको हुँदा निजले माग गरेको जग्गा छुट जग्गा दर्ता प्रयोजनको लागी उल्लेखित जग्गा निज निवेदक अशंहकको हो/ होइन ? कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ? हकदारहरु के कति छन् ? माग बमोजीमको जग्गा सरकारी, सार्वजनिक प्रकृतिको वा गुठी आदि भित्र पर्ने जग्गा हो/ होइन ? माग बमोजीम जग्गा दर्ता वा नामसारी वा दाखिला खारिज संशोधन र श्रेष्ता अध्यावधिक गरि दिदा अन्य कोही कसैलाई कुनै व्यहोराबाट फरक पर्छ /पर्दैन ? सो जग्गामा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्बन्धी निवेदन दिए नदिएको के छ ? सो समेत यकिनका लागि हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । माग निवेदनको जग्गा दर्ता, नामसारी, दाखिला खारिज, संशोधन र श्रेष्ता अध्यावधिक गर्न नमिल्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरबाजुर गर्न आउनु हुन जानकारी गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | ज.वि. | मोहीवालाको नाम थर | जग्गाधनिको नाम, थर | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बारा | पिपरपाति पचरौता | ७ | २२३ | ०-२-६ | हीदया सा तेली ६ नं. वडा | हीदया तेली | यो जग्गा मेरो बाजे रामफल साह तेलीको नंवरी हो मेरा अंशमा जोती खाई आएको छु । | दाखिल खारिज गर्न बाकी |

# अग्निपीडित परिवारलाई राहत सामग्री

**राकेश यादव ।**
**रौतहट ।**
माधव नारायण नगरपालिका वडा नम्बर ६ मा एकजना अग्निपीडित परिवारलाई नगरपालिकाबाट राहत उपलब्ध गराइएको छ । गएको शुक्रबार विद्युत् सर्टबाट घर जलेर नस्ट भएका स्थानीय पीडित भोजेन्द्र राय यादवका परिवारलाई नगरपालिकाका नगर प्रमुख बैजनाथ यादवले तत्काल राहत स्वरुप खाद्यान्न सहितका सामग्री उपलब्ध गराएका हुन् ।



पीडितका घर पुगेर मेयर बैजनाथ यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव, स्थानीय वडाका वडाअध्यक्ष हरिनारायण यादवले खाना पकाउने ग्यास चुल्हो, सिलिन्डर, २ बोरा चामल दाल, नून, खानेतेल, भाँडावर्तन, कम्बल, चिउरा, झुल, टर्च लाइट, अस्थायी बसोबासका लागि त्रिपालसहित लत्ताकपडा हस्तान्तरण गरेका हुन् । नगरप्रमुख यादवले आगलागीबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै आगो सावधानीपूर्वक प्रयोग गर्न सुझावसमेत दिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले जानकारी दिए । त्यस्तै, शुक्रबार राति नै स्थानीय वडा नम्बर ५ मिठुअबामा आगलागीबाट घर जलेर नस्ट भएका पवन राउतको परिवारलाइ पनि राहत सामग्री उपलब्ध गराइएको उनले जानकारी दिए ।
भोजेन्द्र राय यादवको घरमा आगलागी हुदा घरभित्र रहेका खाद्यान्न सामग्री, लत्ताकपडा, गरगहनासहित नगद पनि जलेर नस्ट भएको बुझिएको छ ।

# भारतको आत्मामा नेपाल छः ठाकुर




**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
भारत, बिहारका एमएलसी घनश्याम ठाकुरले नेपाल सधैँ भारतको आत्मामा भएको बताएका छन् । उनले भारतको अयोध्यादेखि भिठ्ठामोडसम्म चार लेनको सडक र जयनगरदेखि जनकपुरधामसम्म रेलवे लाइन निर्माण भइसकेको र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सधैँ नेपालको विकासप्रति प्रतिबद्ध रहेको बताए ।
माधवपुर प्रिमियर लिग (एमपिएल सिजन ९)को उद्घाटन अवसरमा ठाकुरले यस्तो बताएका हुन् । एमपिएल आइतबारदेखि राम निरंजन शाह कलेजमा शुरु भएको छ । ठाकुरसँगै मधेश प्रदेशका विधायक नमिता प्रधान, मटिहानीका मेयर हरिप्रसाद मण्डल, मटिहानी मठका उत्तराधिकारी महन्त डा. रवीन्द्र दास वैष्णव र बेनीपट्टी अनुमण्डल अधिकारी सारंग पाणि पाण्डेले प्रतियोगिता उद्घाटन गरेका हुन् । एमएलसी ठाकुरले भारतसँग नेपालको सम्बन्ध त्रेता युगदेखि नै रहेको बताए । नेपाल भारतको आत्मामा बसेका दोहो¥याए ।
विशेष अतिथि प्रधानले खेलकुद अध्ययन जत्तिकै महत्त्वपूर्ण भएको बताइन् । खेलाडीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका बन्न सकून् भन्ने अपेक्षा रहेको बताइन् । मटिहानीका मेयर हरिप्रसाद मण्डलले माधवपुरमा भन्सार कार्यालय खोल्न एमएलसी घनश्याम ठाकुरलाई अनुरोध गरे । त्यसपछि भव्य परेड भएको थियो ।
उद्घाटन खेल आरा र जनकपुरधाम बीच भएको थियो । आराले पहिले ब्याटिङ गरेको थियो । माधवपुर प्रिमियर लिग सिजन ९ टी–२० का अध्यक्ष तथा माधवपुर मुखिया राजेश कुमार साह, सरपञ्च बलराम मिश्र, प्रभु मिश्र, राकेश नायक र नेपाल र भारतका हजारौँ दर्शकको सक्रिय सहभागितामा शुरु भएको खेलमा भाजपा नेता अजय भगत र बादल गुप्तालगायत प्रतिष्ठित व्यक्तिहरूको सहभागिता थियो ।

# बारा क्षेत्र नम्बर ४ बाट कांग्रेस सभापति देउवाको नाम सिफारिस

**वीरगंज ।**
फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनमा नेपाली कांग्रेस बारा क्षेत्र नं ४ बाट समेत नेपाली कांग्रेसका सभापति एव पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको नाम सिफारिस भएको छ ।
नेपाली कांग्रेस बाराले क्षेत्र नं ४ बाट आगामी प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकमा उम्मेदवारहरूको नाम सिफारिस गर्न शनिबार आयोजनामा गरेको बैठकमा नेपाली कांग्रेसका सभापति एव पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको नाम सिफारिस भएको हो ।
यो क्षेत्रबाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा उम्मेद्वारका लागी देउवा सँगै केन्द्रीय सदस्य एवम् निवर्तमान सांसद फर्मुल्लाह मन्सुर जिल्ला सचिव मनोज भट्ट, परवेज अन्सारी, भोजराज भट्टराई, बजरङ्गी साह, जङ्गबहादुर चौरसिया, प्रकाश रिजाल, रविकरण साह र अम्बिका ठाकुर गरी १० जनाको नाम सिफारिस गरिएको क्षेत्रीय सभापति प्रभात चौरसियाले जानकारी दिए ।
निर्वाचन सम्पन्न हुन ८१ दिन बाँकी हुँदा बारामा समेत राजनीतिक दलहरू उम्मेदवार छनौटमा जुटेका छन् ।

# कडा रोगबाट पीडितबाट आर्थिक सहयोग

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिकाले कडा रोगबाट पीडित १९ बिरामीलाई उपचार सहयोगस्वरूप आठ लाख ५० हजार रुपैयाँ वितरण गरेको छ । उपचार कार्यविधि २०८२ अनुसार परेका निवेदनहरूको प्रक्रिया पूरा गरी योग्य ठहरिएका बिरामीलाई आर्थिक सहायता प्रदान गरिएको उपमहानगरपालिकाले जनाएको छ । उपचार सहयोगका लागि ६१ जनाबाट निवेदन परेकामा छानबिन तथा मूल्याङ्कनपछि १९ जना सहायता पाउन योग्य ठहरिएको जनस्वास्थ्य प्रवद्र्धन शाखा प्रमुख रवि भाष्करले जानकारी दिए । योग्य ठहरिएका बिरामीलाई रोगको प्रकृति र अवस्थाका आधारमा न्यूनतम २५ हजारदेखि अधिकतम ५० हजार रुपैयाँसम्म रकम सम्बन्धित बिरामीको बैंक खातामा प्रत्यक्ष जम्मा गरिएको छ ।
उपमहानगरपालिकाका अनुसार कडा रोग अन्तर्गत मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइन तथा हेड इन्जुरी, थालासिमिया, सिकलसेल, मस्तिष्कघात लगायतका रोगहरू पर्दछन् । यस कार्यक्रमले कडा रोगबाट पीडित नागरिकको उपचारमा केही राहत पुग्ने विश्वास उपमहानगरपालिकाले व्यक्त गरेको छ । साथै, भविष्यमा पनि यस्ता स्वास्थ्य तथा सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ ।

# निर्वाचन हुन्न भन्ने भ्रम नफैलाउन आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री विमलेन्द्र निधिले प्रतिनिधि सभा निर्वाचन नहुने भन्ने भ्रम फैलाउने कार्यप्रति कडा आपत्ति जनाएका छन् । बाराको कलैयास्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले निर्वाचनको कुनै विकल्प नरहेको स्पष्ट पारे ।
नेता निधिले संविधानको रक्षा र सुदृढीकरणका लागि फागुन २१ गते हुने निर्वाचनबाट मात्रै ताजा जनादेश प्राप्त हुन सक्ने बताए । उनले वर्तमान अवस्थामा नेपाली कांग्रेसले सर्वसम्मत नेतृत्व चयन गर्नुपर्ने आवश्यकता औँल्याउँदै आगामी निर्वाचनमा पार्टीले कुनै पनि दलसँग गठबन्धन नगर्ने नीति लिएको जानकारी दिए । निर्वाचनको पक्षमा उभिन सबै कार्यकर्तालाई आग्रह गर्दै निधिले गाउँ–गाउँसम्म फैलिएको भ्रम चिर्न निर्देशन दिए । साथै, निर्वाचनमा अवरोध सिर्जना गर्ने कुनै गतिविधि नगर्न उनले सरकारसँग आग्रह गरे । नेता निधिले नेपाली कांग्रेस नियमित महाधिवेशनको तयारीमा रहेको र विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको स्पष्ट पारे । आउँदो महाधिवेशनमा आफू सभापतिका लागि इच्छुक रहेको बताउँदै उनले नेताहरूसँग छलफल जारी रहेको जानकारी दिए ।
जिल्ला सभापति राजेश राय यादवको सभापतित्वमा सम्पन्न विस्तारित बैठकमा सहमहामन्त्री उमाकान्त चौधरी र फर्मुल्लाह मंसुर, पूर्व केन्द्रीय सदस्य राधेचन्द्र यादव, क्षेत्र नं. २ का क्षेत्रीय सभापति रामप्रवेश यादव लगायतले पार्टीको क्रियाशील सदस्यता र आगामी रणनीतिबारे धारणा राखेका थिए ।


Effective from 01 Poush 2082 (16th December 2025)
INTEREST RATE
Deposit

| S.N. | A. Saving Deposit | Minimum Balance | % Per Annum | |
|---|---|---|---|---|
| 1 | Corporate Saving Account | 100.00 | 3.80% | |
| 2 | Corporate Nari Bachat Khata | 1,000.00 | 4.00% | |
| 3 | Corporate Senior Saving | 1,000.00 | 4.00% | |
| 4 | Corporate Student Saving | 100.00 | 4.00% | |
| 5 | Corporate Bal Bachat | 1,000.00 | 4.00% | |
| 6 | Corporate Higher Saving | 5,000.00 | 4.30% | |
| 7 | Corporate Fast Track | 10,000.00 | 4.60% | |
| 8 | Corporate Patron | 15,000.00 | 4.75% | |
| 9 | Super Corporate Saving | 25,000.00 | 5.00% | |
| 10 | Corporate Golden Saving | 50,000.00 | 5.25% | |
| 11 | Staff Saving Account | - | 5.25% | |
| 12 | Social Security Account | - | 3.80% | |
| 13 | Call Account | - | 1.90% | |
| | **B. Recurring Account** | | | |
| 1 | 3 Year Corporate Recurring | 1,000.00 | 5.50% | |
| 2 | 5 Year Corporate Recurring | 1,000.00 | 5.75% | |
| 3 | Above 5 Years Recurring | 100,000.00 | 6.00% | |
| 4 | Corporate Fixed Return | 100,000.00 | 6.00% | |
| 5 | Corporate Fifty Fixed | 100,000.00 | 5.50% | |
| | **C. Fixed Deposit** | | *Individual Minimum 3 Months* | *Corporate Minimum 6 Months* |
| 1 | 3 Months | - | 5.50% | - |
| 2 | 6 Months | - | 5.75% | 5.75% |
| 3 | 1 Year | - | 6.00% | 6.00% |
| 4 | Above 1 Year To 2 Years | - | 6.25% | 6.25% |
| 5 | Above 2 Years | - | 7.00% | 7.00% |
| 6 | Special Fixed Deposit for 10 Months | 1,000,000.00 | 6.50% | 6.50% |

Loan and Advances

| S.N. | D. Loan and Advances | Premium Over Base Rate (% p.a.) |
|---|---|---|
| 1 | Business Loan | 1.00% to 3.00% |
| 2 | Industrial Loan | 1.00% to 3.00% |
| 3 | Home Loan | 1.00% to 3.00% |
| 4 | Vehicle Loan/Auto Lone | 1.50% to 3.50% |
| 5 | Education Loan | 1.00% to 3.00% |
| 6 | Personal Overdraft | 1.50% to 3.50% |
| 7 | Term Loan | 1.50% to 3.50% |
| 8 | Agriculture Loan | Up to 2.00% |
| 9 | Prime Loan | 0.75% to 2.75% |
| | **E. Deprived Sector** | |
| 1 | Deprived Sector Loan (Institutional) | Up to 2.00% |
| 2 | Deprived Sector Loan (Personal) | Up to 3.00% |
| 3 | DLS Auto Loan/Low-Cost Housing/others | Up to 3.00% |
| | Other Loan | Up to 5.00% |
| | Loan Against Fixed Deposit | Coupon Rate + 2% or Base Rate (Whichever is higher) |
| | **F. Fixed Interest Rate on Term Loan upto 15 Years** | Base Rate+4.50% |
| | Average Base Rate (Bhadra, Ashwin & Kartik 2082) | 9.32% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजत पत्र प्राप्त संस्था

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa.
**Tel. No:** 051-531031/527845
**Branches:** Buspark (Bypass)-Birgunj, Dryport (Sirsiya)-Birgunj, Tedha Road-Chorni (Parsa)-(Jeetpur), Barahathawa (Sarlahi), Bardibas (Mahottari)



## हरि खेतान बहुमुखी क्याम्पस
**वीरगंज, पर्सा**
**(त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धनयुक्त)**

## सूचना! सूचना !! सूचना !!!

यस क्याम्पसमा प्रशासन प्रमुख पदको पूर्तिका लागि निम्न विवरण अनुसार दरखास्त आह्वान गरिएको छः
**पदः प्रशासन प्रमुख**
समूहः प्रशासन
आवश्यक संख्याः १ (एक)
**योग्यताः**
– मान्यता प्राप्त शिक्षण संस्थाबाट २ / स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण ।
– क्याम्पस/विद्यालय प्रशासन, व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता ।
– कम्प्युटर तथा अफिस व्यवस्थापन सम्बन्धी ज्ञान ।
– टीमवर्क, नेतृत्व क्षमता र संचार कौशल भएका ।
– उमेर हद ४० वर्ष भन्दा बढी हुनु भएनन् ।
**आवश्यक कागजातहरूः**
– दरखास्त पत्र
– शैक्षिक योग्यताको प्रमाणपत्रहरू (प्रतिलिपि)
– नागरिकता प्रमाणपत्र (प्रतिलिपि)
– अनुभव प्रमाणपत्र (यदि भए)
– २ प्रति पासपोर्ट साइज फोटो
**दरखास्त दिने मितिः** सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र क्याम्पस प्रशासनमा कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ ।

**सम्पर्कः**
क्याम्पस प्रमुख
**हरि खेतान बहुमुखी क्याम्पस**
वीरगंज, पर्सा
☎+977-51-522961 +977-51-526167
Email:- Info@hkmc.edu.np

## सम्पादकीय

# रहर गर्नेहरुको सिफारिस नहुँदाको पीडा

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेसले सिफारिसमा अग्रता लिएको छ। एमाले महाधिवेशनमा अल्मलिएको छ। अरु पार्टीहरु छलफलमा हुँदा कांग्रेस धमाधम सिफारिसमा सरिक छ । यतिखेर कांग्रेसबाट सिफारिसमा नपरेका अब्बल अनुहारहरुको रोनाधोना पनि धमाधम समाचार बनिरहेको छ । यस्तै समाचारले मौका पाउँदा यो असन्तुष्टिको उठान पनि हो भन्ने लाग्छ।

यसले कतै समस्या पो हुन्छ कि या सिफारिसमा कैफियत पो भयो भन्ने पनि सन्देश गइरहेको छ। यसले कतै चुनावमा कांग्रेसलाई कमजोर पो बनाउँछ कि भन्ने संशय पनि कांग्रेसीजनमा देखिन्छ।

सर्लाहीको क्षेत्र नम्बर ४ बाट ई.डा. राजेश्वर सिंह सिफारिसमा नपरेको एउटा उदारहणको समाचार अहिले चर्चामा छ। डा. सिंहले सर्लाही–४ बाट निर्वाचनमा उम्मेदवार बन्न इच्छुक रहेको बताउँदै सिफारिसमै नपरेको कथा बाहिरिएको हो । कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले उनको उम्मेदवारी दर्ता गर्न नै अस्वीकार गरेको विषय पनि आएको छ। राजेश्वरले मंसिर २३ गते प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमार्फत पत्र र सोही दिनको बैठक दुवैमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फको सदस्यका लागि दाबी गरेका थिए। प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमार्फत सर्लाही–४ बाट मधेश प्रदेशसभा सदस्य वीरेन्द्र सिंह र कांग्रेस महामन्त्री गगन थापाको नाम सिफारिस भएको छ । यद्यपि, कांग्रेस मुख्यालयले प्रदेशसभा सदस्यको नाम प्रतिनिधिसभा सदस्यका लागि सिफारिस नगर्न सर्कुलर जारी गरेको अवस्थामा पनि सिंहको नाम गएको छ। यति मात्र हइन, बैठकमा महामन्त्री थापाको नाम सिफारिस गर्ने प्रस्ताव नै नआए पनि उनको नाम सिफारिस भएको छ।

एकातिर हेभिवेट नेतासँग आफ्नो नाम छिराउने बदमासी । अर्कोतिर नाम सिफारिस भएका व्यक्तिको मापदण्ड योपटकलाई बन्देजमा परेको अवस्था । यहीबेला उम्मेदवार हुन चाहनेको आवेदन पनि नलिएर गरिएको छेकबार । यसले कांग्रेस बलिया हुन्छ कि व्यक्ति ? लोकतान्त्रिक पार्टीमा देखिएको यो विरक्ति र बदमासीबारे प्रदेश र केन्द्रका नेताहरु जानकार छन् कि छैनन् ? कांग्रेसीजनकै प्रश्न हो।

## एनपिएल क्रिकेटः
# महत्वपूर्ण प्रतियोगिताका रुपमा स्थापित



–राजु सिलवाल

एनपिएल क्रिकेटको दोस्रो संस्करणको समापनसँगै यसले नेपाली फ्रेन्चाइज क्रिकेटलाई मुलुककै महत्वपूर्ण प्रतियोगिताका रुपमा स्थापित गरेको छ । नेपाल क्रिकेट सङ्घ क्यानद्वारा आयोजित करिब एक महिना लामो प्रतिस्पर्धाले नेपाली क्रिकेट मनोरञ्जनको माध्यम मात्र नभई व्यावसायिकतातर्फ उन्मुख भएको सन्देश दिन सफल भएको छ।

मुलुकमा राजनीतिक परिवर्तनपछि अन्योलपूर्ण अवस्थामा पनि बिना कुनै व्यवधान सफलतापूर्वक प्रतियोगिता सम्पन्न हुनु उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । सरकारको प्राथमिकतामा रहेर वर्षामा पनि निरन्तर निर्माण कार्य जारी राख्दै फ्लडलाइट जडान गरी पहिलोपटक रातिको समयमा खेल सञ्चालन गर्नु, दशौँ हजार दर्शकहरुलाई बस्ने सिटको व्यवस्था हुनु एनपिएल सफलताका उदाहरण हुन्।

यस्तै, निजी क्षेत्रले करोडौँ रुपैयाँ लगानी गर्दै अन्तरराष्ट्रिय ख्यातिप्राप्त खेलाडीलाई आ–आफ्ना टिममा समावेश गरेकाले नै नेपाल तथा विश्वकै क्रिकेटप्रेमीले रोमाञ्चकारी प्रतिस्पर्धाबाट लाभान्वित हुने अवसर पाएका छन्। प्रत्यक्ष रुपमै लाखौँ दर्शकको आकर्षण देखिएपछि भर्खरै निर्माण तथा मर्मतसम्भार गरिएको कीर्तिपुर रङ्गशाला नै अब सानो भएको महसुस गराउन सफल एनपिएलले अब दीर्घकालीन रुपमा नेपाली खेलकुदकै ठूलो ब्राण्डका रुपमा स्थापित हुने स्पष्ट सङ्केत गरेको छ।

**एकपक्षीय फाइनल**

गत वर्ष एनपिएल क्रिकेटको पहिलो संस्करणका बेला लुम्बिनी टिम सहभागी टिमहरुमध्ये सबैभन्दा पुछारमा पुगेपछि कप्तान रोहित पौडेलको आलोचना हुँदै आइरहेको थियो । कतिपयले उनलाई राष्ट्रिय टिमको कप्तानको जिम्मेवारीबाटसमेत हटाउनुपर्नेजस्ता आवाज उठाउने गरेका थिए तर एनपिएल क्रिकेटको दोस्रो प्रतियोगितामा उनले प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी बनेर मोटरकार, मोटरसाइकल पाउनुका साथै विजेता ट्रफी उचालेर सशक्त कप्तानका रुपमा इतिहास रच्न सफलता प्राप्त गरेका छन् । शनिबार भएको फाइनलमा एकपक्षीय खेल बनाउन कप्तान रोहित नेतृत्वको लुम्बिनी लायन्स टिमले सफलता पाएको थियो । यसपाली संयोगले फाइनलमा नेपाली राष्ट्रिय टिमका कप्तान र उपकप्तानबीचको भिडन्त थियो। नेपाली राष्ट्रिय टिमका कप्तान रोहित पौडेलको नेतृत्वमा रहेको लुम्बिनी लायन्स टिमले उपकप्तान दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिम रोयल्सको टिमलाई ६६ बल बाँकी रहँदै ६ विकेटले पराजित गर्दै उपाधि जितेको थियो।

गत वर्षको उपविजेता सुदूरपश्चिमाञ्चलले यसपाली लिग चरणमा सशक्त खेल प्रदर्शन गर्दै लगातार छ खेल जितेपछि उच्च मनोबलमा देखिएको थियो।

गत वर्षको विजेता जनकपुर बोल्डस टिम लिग चरणै बाहिरिएपछि नयाँ उपाधि जित्ने होडमा सुदूरपश्चिम रहेको थियो । लुम्बिनी प्रदेशलाई समेत ७ विकेटले पराजित गरिसकेकाले आत्तिनुपर्ने स्थिति थिएन तर एनपिएलको फाइनलमा दुई पटक पुग्न सफल सुदूरपश्चिमले टस जितेर ब्याटिङ गर्नु नै घातकसिद्ध हुन पुग्यो । उक्त टिमलाई जित्नैपर्ने दबाब थियो तर ब्याटिङमा संयमता हुन सकेन । लगातार नौ विकेट गुम्नु पीडादायी थियो तर लुम्बिनी भने कुनै दबाबबिना फाइनलमा उत्रेको थियो । लुम्बिनीले प्रत्येक खेलमा सुधार गर्दै विजयीको भागिदार बन्न पुगेको मान्न सकिन्छ।

फाइनल खेललाई प्रतिस्पर्धात्मक भएको दर्शकले देख्न पाएनन् । सुदूरपश्चिमले १०० रन पनि बनाउन नसकी लुम्बिनीलाई ८६ रनको चुनौती दिनु भनेको अत्यन्त कमजोर प्रदर्शन मान्नुपर्छ तर लुम्बिनीले भने ३६ बल बाँकी रहँदै सहजै ६ विकेटले उपाधि हात पार्न पुग्यो। अन्य खेलमा झैँ हिजो पनि छक्काको वर्षा भएको थियो तर एकपक्षीय रुपमा। लुम्बिनीका लागि विष्फोटक ब्याट्सम्यान दिनेश अधिकारीले गरेको ४ वटा छक्कासहित बनाएको ४२ रनले टिमलाई छिटो विजय नजिक लगेको थियो । खेलको अवस्था हेर्दा लुम्बिनीलाई छिटो खेल समाप्त गरी ट्रफी उचाल्ने हतार भैरहेको महसुस हुन्थ्यो।

**करोडौँको पुरस्कार**

एनपिएल क्रिकेटका सहभागी खेलाडीहरुका लागि ठूलो लागतको पुरस्कार पनि प्रमुख आकर्षण बन्दै आइरहेको छ। विभिन्न विधाका खेलाडीको प्रोत्साहनका लागि धैरै पुरस्कारका लागि निजी क्षेत्रले प्रायोजन जुटाएर आयोजकलाई सहयोग गरिरहेको छ । यसपटक पनि एपिएलमा विजेता टिम र उत्कृष्ट खेलाडीलाई करोडौँ रुपैयाँ पुरस्कार प्रदान गरियो । विजेता टिम लुम्बिनीले रु एक करोड १० लाख पुरस्कार प्राप्त गरेको थियो। दोस्रो भएको सुदूरपश्चिम टिमले रु ५१ लाख, तेस्रो टोली विराटनगर किङ्ग्सले रु २५ लाख तथा चौथो टोली काठमाडौँ गोर्खाजले रु १५ लाख पुरस्कार प्राप्त गरेको थियो।

यसबाहेक खेलाडीले पनि व्यक्तिगत रुपमा पचासौँ लाख पुरस्कार पाएका थिए। लुम्बिनीका कप्तान रोहित पौडेलले प्राप्त गरेको मोटरकार, मोटरसाइकलका साथै विराटनगरका सन्दिप लामिछाने, लुम्बिनीका शेर मल्लले मोटरसाइकल पुरस्कार पाएका थिए । अन्य स्वदेशी तथा विदेशी खेलाडीहरुले विभिन्न विधामा नगद पुरस्कार प्राप्त गरेका थिए । खेलाडीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिसमेत प्रदान गरिएको थियो।

**प्रतिस्पर्धात्मक स्तर**

यस सिजनको एनपिएलले प्रभाव पारेको महत्वपूर्ण विषय हो प्रतिस्पर्धात्मक स्तर। यसपालि अधिकांश खेल अन्तिम ओभरसम्म रोचक बनेका थिए। सहभागी टिमले अन्तिम समयसम्म गरेको प्रयासले खेलको स्तरलाई प्रतिस्पर्धात्मक बनाएको थियो । स्वदेशी तथा विदेशी खेलाडीको सम्मिश्रण भएको टिमहरुबीच भएको प्रतिस्पर्धाबाट दर्शकहरुले स्तरीय खेल हेर्ने अवसर पाएका थिए। विभिन्न देशबाट आएका अन्तर्राष्ट्रिय खेलाडीहरुको खेलमा प्रभाव देखिनुका साथै घरेलु खेलाडीहरुको प्रयासले प्रतियोगिताको गुणस्तरलाई केही हदसम्म उठाउन सहयोगीको भूमिका खेलेको थियो । यसबाट नेपाली खेलाडीहरुको स्तर तथा आत्मविश्वास विगतको तुलना बढेको महसुस गरिएको छ।

दर्शकहरुको उत्साह

एनपिएलको प्रमुख विशेषता भनेकै दर्शकको उपस्थिति हुन पुग्यो। विगतका वर्षहरुदेखि नै विभिन्न मुलुकमा नेपाली राष्ट्रिय टिमको खेल भएका बेला नेपाली दर्शकहरुको ठूलो सङ्ख्यामा उपस्थितिलाई विश्व किक्रेट जगतले प्रशंसा गर्दै आइरहको छ । नेपालका विभिन्न जिल्लाबाट दर्शकहरु एनपिएल क्रिकेट हेर्न काठमाडौँ आएका थिए । हरेक म्याचमा दर्शकको भब्य उपस्थितिले खेलमा विशेष रौनक ल्याउन सफल भएको थियो । बालबालिकादेखि पाका उमेरका दर्शक खेलमा उपस्थिति हुने गरेको, सहभागी टिमको जर्सी, राष्ट्रिय झण्डा तथा क्लबका झण्डाहरुसहित दर्शकहरुको आगमनले राष्ट्रिय एकताको भावनालाई अझ सुदृढ बनाएको पाइएको छ। टेलिभिजनको प्रत्यक्ष प्रसारण तथा डिजिटल फ्म्र्याटमार्फत संसारको विभिन्न कुनामा बसेका नेपालीका साथै क्रिकेटप्रेमी विश्वमाझ जोडिन पुग्दा क्रिकेटको प्रभाव अझ विस्तार हुन पुगेको छ।

**टिकटको उच्च माग**

एनपिएल क्रिकेटका टिकट खेल अगाडि नै सकिनु यो प्रतियोगिताप्रति खेलप्रेमीहरुको अत्यधिक आकर्षण भएको मान्न सकिन्छ। क्रिकेटका खेल हेर्न दर्शकहरु निक्कै आतुर रहेका थिए। कीर्तिपुर रङ्गशालामा दिनहुँजसो भिड देखिन्थ्यो । विभिन्न खेलका बेला अनलाइनमा सम्पूर्ण टिकट बिक्री भई 'सोल्ड आउट' भइसकेको जानकारी आयोजकहरुले दिए पनि खेलका बेला प्यारापिटका रङ्गीन सिटहरु खाली भएको देखिन्थ्यो । यसरी टिकट बिक्री भए पनि सिट खाली भएको स्थिति कसरी उत्पन्न भएको थियो तथा टिकटको कालोबजारी भएको भन्ने जनगुनासोबारे क्यानले छानबिन गर्न जरुरी मानिएको छ। प्रतियोगिताको अन्तिम घडीमा क्यानले एक्कासी टिकटको मूल्य बढाउनु पनि उचित थिएन।

**हेलिकप्टर यात्रा**

एनपिएलका क्रममा नेपाल आएका विभिन्न अन्तरराष्ट्रिय खेलाडीले नेपालमा गरेको विभिन्न भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ । विराटनगर किङ्ग्स टिमका तर्फबाट खेलेका अन्तरराष्ट्रिय खेलाडीहरुले सेमिफाइनलबाट टिम बाहिरिएपछि हेलिकप्टरबाट सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए । अतिथि खेलाडी मार्टिन गुप्टिल, फाफ डु प्लेसिस र मर्चेण्ट डे लाङ्गेले नेपालको क्रिकेटका साथै नेपालको प्राकृतिक सौन्दर्यको पनि प्रत्यक्ष अनुभव गरेका छन् । उनीहरुले हिमाली क्षेत्रमा खिचेको फोटोकामाध्यमबाट नेपालको विश्वमा प्रचार भएको छ । अन्य टिमका खेलाडी, अफिसियल तथा अन्य अतिथिहरुले पनि नेपालको प्राकृतिक सौन्दर्यबाट प्रभावित भएको धारणा व्यक्त गरेका छन्।

**क्रिकेटप्रेमीका प्रिय**

एनपिएल क्रिकेटको फाइनलको दिन क्रिकेट कमेन्टेटर एण्ड्रयु लियोनार्ड नेपाली राष्ट्रिय पोशाक दौरा सुरुवालमा सजिएर कीर्तिपुर रङ्गशालामा बोलिरहेका थिए। अन्य कमेन्टेटरले भने ढाका टोपी लगाएका थिए। केही वर्षदेखि कमेन्टेटर एण्ड्रयुको लोकप्रियता नेपाली क्रिकेटप्रेमीमाझ बढ्दो छ । नेपालको मित्रका रुपमा परिचय बनाएका आयरल्याण्डका पूर्वक्रिकेटर एण्ड्रयु सन् २०१८ मा एभरेष्ट प्रिमियर लिगमा टेलिभिजन कमेण्ट्रीका लागि पहिलोपटक नेपाल आएका थिए । त्यसपछि विभिन्न पटक नेपाल आएका उनले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा उद्घोषण गर्दा नेपालको क्रिकेटका साथै समग्र नेपालको खुलेर प्रशंसा गर्दै विश्वमा नेपालको प्रचारप्रसारका लागि योगदान गर्दै आएका छन्।

यसपाली कीर्तिपुर रङ्गशालामा खेल हेर्न गएका दर्शकहरुमध्ये केहीले उनकै मुखाकृति झल्कने मुखुण्डोसमेत लगाएर आएको देखिएको थियो । उनी प्रत्यक्ष प्रसारणका क्रममा बोलिरहँदा उनको ठूलो आकारको तस्बिर तथा ब्यानर देखेपछि भावुक हुन पुगेका थिए।

**पहिलोपटक क्रिकेट एकेडेमी**

गत वर्षको विजेता जनकपुर बोल्टस टिमले यसपाली उचित नतिजा हासिल गर्न नसके पनि क्रिकेट प्रशिक्षणको निरन्तरताका लागि सक्रिय रहने भएको छ । एनपिएल क्रिकेटमा सहभागी आठ टिममध्ये पहिलोपटक जनकपुर बोल्ट्स टिमले जेबी क्रिकेट एकेडेमीको घोषणा गरी क्रिकेट प्रशिक्षण सञ्चालन गर्ने भएको छ । एकेडेमीले मधेस–प्रदेशका स्थानीय खेलाडीलाई प्रशिक्षण दिने लक्ष्य राखेको छ। यसबाट आगामी दिनमा नयाँ प्रतिभाका लागि अवसरको ढोका खुल्न जाने अपेक्षा गरिएको छ।

अन्त्यमा, एनपिएल क्रिकेटको समाप्ति सँगसँगै यस सिजनमा देखिएका चुनौतीलाई भविष्यमा अझ व्यवस्थित बनाउँदै विश्वस्तरीय फ्रेन्चाइज क्रिकेटको बाटोतर्फ अघि बढ्नु जरुरी मानिएको छ। दर्शकहरुको व्यापक समर्थनले यो अब लिग अब नेपालमा मात्र नभई क्षेत्रीय बजारमै पनि प्रतिस्पर्धी हुनसक्ने सङ्केत मिलेको छ। क्यानको अबको महत्वपूर्ण जिम्मेवारी भनेको आर्थिक विश्वसनीयतालाई प्रमुख प्राथमिकता दिनु हो। एनपिएलका आम्दानी तथा खर्चको सम्पूर्ण विवरण सार्वजनिक गरेर पारदर्शिता कायम गर्नु जरुरी देखिएको छ।

यसैगरी, यस प्रतियोगिताका क्रममा उत्कृष्ट खेल प्रदर्शन गरेका प्रतिभाहरुलाई आगामी विश्वकपका लागि छनोट गरिने नेपाली टिममा समावेश गरी राष्ट्रिय टिम अझ बलियो बनाउन अग्रसरता देखाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । एनपिएलमा राम्रो प्रदर्शन गरेका विनोद भण्डारी, शेर मल्ल, बसिर अहमदलगायतका खेलाडीलाई राष्ट्रिय टिममा समेटन सकिएको खण्डमा आगामी टि–ट्वान्टी विश्वकपमा नेपाललाई फाइदा हुने देखिन्छ । नेपाललाई टेष्ट म्याच खेल्ने राष्ट्रको सूचीमा समावेश गर्न आगामी दिनमा सुधारका प्रयास जारी राख्नुपर्छ।

यसैगरी, एनपिएलको दुई संस्करणको समाप्तिपछि अब आगामी वर्ष तेस्रो संस्करण राजधानी काठमाडौँ बाहिर पनि विस्तार गर्न क्यान व्यवस्थापनको सक्रियता अपेक्षित मानिएको छ। रासस

# पुरुषभन्दा महिला धैरै वैदेशिक रोजगारीमा गइरहेका गन्तव्यहरू

अशोक दाहाल

सरकारी तथ्याङ्कअनुसार गत वर्ष ९४ हजार महिलाहरू वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर १०० भन्दा बढी देश पुगेका छन् । सात लाखभन्दा धैरै पुरुषहरू वैदेशिक रोजगारीका लागि सरकारी स्वीकृति लिएर जाँदा महिलाको संख्या एक लाखभन्दा कम भए पनि केही देशहरूमा भने पुरुषको दाँजोमा महिला बढी गएको देखिन्छ।

वैदेशिक रोजगार विभागका अनुसार श्रम स्वीकृति नवीकरण र नयाँ श्रम स्वीकृति लिएर गत वर्ष विभिन्न १५१ वटा देशमा आठ लाख ३९ हजार नेपालीहरू गएका छन् । भारतमा काम गर्न श्रम स्वीकृति नचाहिने भएका कारण यसमा उक्त देश जानेहरूको तथ्याङ्क समावेश छैन।

भिजिट भिसाजस्ता माध्यमबाट विदेश पुगेर काम गर्नेहरूको सङ्ख्या यसमा गणना नहुने भएकाले काम गर्नका लागि विदेश जानेहरूको सङ्ख्या योभन्दा धैरै हुनसक्ने विज्ञहरू बताउँछन्।

वैदेशिक रोजगार विभागका अनुसार गएको कार्तिक महिनामा माल्दिभ्स, जोर्डन र साइप्रसमा वैदेशिक रोजगारीमा जाने पुरुषहरूको तुलनामा महिलाको सङ्ख्या बढी छ । गत आर्थिक वर्षभरिको तथ्याङ्कमा भने मालदिभ्समा जाने महिलाहरूको सङ्ख्याभन्दा पुरुषको सङ्ख्या धैरै देखिएको छ । साउनबाट सुरु भएर असारमा अन्त्य हुने उक्त आर्थिक वर्षभरि वैदेशिक रोजगारीका लागि दिइएको श्रम स्वीकृति हेर्दा अर्को एउटा देशमा पनि महिलाहरू पुरुष भन्दा धैरै गएका छन्। त्यो देश हालै मात्र गाजा युद्धपछि शान्ति स्थापना भएको इजरेल हो।

गत वर्ष ४२३ जना महिला श्रम स्वीकृति लिएर इजरेल जाँदा ३६५ जना पुरुष मात्रै मध्यपूर्वको त्यो देश गएका छन्। विभागले पछिल्लो तथ्याङ्क अद्यावधिक गरेको कार्तिक महिनामा भने ३३ जना महिला इजरेल जाँदा ४३ जना पुरुष उक्त देश पुगेका छन्।

**माल्दिभ्स र साइप्रसमा के काममा जान्छन् महिला**

बीबीसीले सरकारी अधिकारी, विज्ञ र अनुसन्धाताहरूसँग कुरा गरेर पुरुषभन्दा महिला धैरै गइरहेका देशहरूमा कस्तो कामका लागि नेपालीहरू गइरहेका छन् भनेर सोधेको छ । वैदेशिक रोजगार विभागका प्रवक्ता चन्द्रबहादुर शिवाकोटीका अनुसार माल्दिभ्समा होटेल तथा मनोरञ्जन क्षेत्रमा काम गर्न जाने महिलाहरूको माग धैरै आउने गरेको छ। 'माल्दिभ्स नयाँ श्रम गन्तव्य पनि हो। यहाँ होटेल र रेस्टुराँ क्षेत्रमा महिलाहरू धैरै गएका देखिन्छन्,' शिवाकोटी भन्छन्।

माल्दिभ्स सरकारले यसअघि नेपाल सरकारलाई नर्सहरू लैजान पनि आग्रह गरेको थियो।

श्रमविज्ञ मीना पौडेलका अनुसार माल्दिभ्स र साइप्रसमा महिलाहरू होटेल तथा रेस्टुराँजस्ता अतिथि सत्कारसम्बन्धी व्यवसायका क्षेत्रमा काम गर्न र घरेलु कामदारका रूपमा पनि जाने गरेका छन्।

'माल्दिभ्समा पर्यटन व्यवसाय धैरै बढिरहेको छ। त्यसमा हाउसकीपिङ, लन्ड्री सर्भिस, सरसफाइका कामका लागि नेपालबाट महिलाहरू धैरै गइरहेका छन्,' श्रम तथा आप्रवासनबारे अध्ययन गरिरहेकी पौडेल भन्छिन् । 'साइप्रसमा चाहिँ सेवा क्षेत्रमा, त्यसमा पनि क्याफेहरूमा काम गर्न महिलाहरू गइरहेका छन्।'

सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटीका अनुसन्धानकर्ता अर्जुन खरेलका अनुसार साइप्रसमा घरेलु कामदारका रूपमा पनि नेपाली महिलाहरू उल्लेख्य संख्यामा जाने गरेका छन्।

उनका अनुसार केही नयाँ श्रम गन्तव्यमा अध्ययन भए पनि सबै देशहरूबारे अध्ययन हुन बाँकी छ।

'खास गरी युरोपमा खर्च गर्न सक्ने नेपालीहरू धैरै गएका छन्। उनीहरू युरोपकै अर्को स्थायी आवास अनुमति पाउन सहज देशमा जान सकिने सम्भावना हेरेर पनि गएका छन् । त्यसमा हाम्रो समाजमा पनि मध्यपूर्वका देशभन्दा युरोप जाने कुरालाई प्रतिष्ठाको रूपमा पनि हेर्ने प्रचलनको प्रभाव पनि छ,' खरेल भन्छन्।

उनका अनुसार श्रम सम्झौता भएका कतिपय मध्यपूर्वका देशभन्दा कामका दृष्टिले युरोपका कतिपय देशमा बढी काम गर्नुपर्ने बाध्यता छ । तर युरोपेली देशहरूमा सामाजिक सुरक्षा र श्रम अधिकार राम्रो रहेका करण पनि नेपाली कामदारहरूले नयाँ गन्तव्यमा थप सञ्जाल बनाउँदै आएको जानकारहरू बताउँछन्।

श्रम विज्ञ पौडेल नेपालमा परम्परागत रूपमा महिलाहरूले गर्दै आएका घरायसी कामकाजका लागि विदेशमा पनि उनीहरूको माग धैरै आउने गरेको बताउँछिन्।

'लैङ्गिक आधारमा हेर्दा महिलाहरूले स्वदेशमा आफ्नो समाजमा वा आफ्नो घरमा जुन प्रकृतिको काम गर्छन्, त्यही प्रकृतिको कामको लागि नयाँ श्रम गन्तव्यहरूमा लगिएको भेटिन्छ,' पौडेल भन्छिन्।

जोर्डन र इजरेलमा कस्तो काम

नेपाली महिलाहरू पुरुषभन्दा धैरै गइरहेका जोर्डनमा भने महिलाहरू घरेलु कामदारका रूपमा धैरै पुग्ने गरेको र त्यहाँ पुगेका केही महिलाहरूलाई यौन व्यवसायमा पनि लगाइने गरिएको पाइएको पौडेल बताउँछिन्।

तर अनुसन्धानकर्ता खरेल जोर्डनमा तयारी कपडा उद्योगमा पनि नेपाली महिलाहरू गइरहेको बताउँछन् । 'जोर्डनको गार्मेन्ट क्षेत्रमा म आफैँ पनि गएर अध्ययन गरेको थिएँ । त्यहाँका गार्मेन्टमा काम गर्ने अधिकांश नेपाली, बाङ्ग्लादेशी र पूर्वी एशियाका लाओसका पनि छन् । अनि आवासमै बसेर काम गर्ने भएकाले त्यहाँ आप्रवासी कामदारलाई नै खोज्ने गरिएको छ,' खरेलले भने।

कार्तिक महिनामा पाँच जना पुरुषहरू जोर्डन जाँदा १४२ जना महिला मध्यपूर्वको यो देश पुगेका छन् । गत वर्ष पनि जोर्डन पुगेका महिलाहरूको संख्या पुरुषको तुलनामा उच्च छ। गत वर्ष १ सय १० जना पुरुष जाँदा १,६९८ जना महिला श्रम स्वीकृति लिएर जोर्डन गएको विभागको तथ्याङ्क छ।

'जोर्डन कुवेतजस्तै घरेलु कामदारका रूपमा महिलाहरू धैरै जाने देश हो । त्यहाँ घरभित्रको काम जे पनि लगाइन्छ। पछिल्लो अध्ययनले त्यहाँ परिवारले सञ्चालन गरेका यौन व्यवसायमा पनि महिलाहरूलाई लगाइने गरिएको देखाएको छ,' पौडेल भन्छिन्।

गाजा द्वन्द्वका कारण पछिल्लो समय निकै कम संख्यामा मात्रै नेपालीहरू गएको इजरेलमा भने अधिकांश नेपालीहरू 'केभरगिभर'को काममा जाने गरेको विभागका प्रवक्ता शिवाकोटीले बताए।

'इजरेलमा त महिलाहरूलाई प्राथमिकता नै दिएर लैजाने गरिएको छ। यहाँ ६० प्रतिशत महिलाको माग आउँदा ४० प्रतिशत मात्रै पुरुषहरूको माग आउँछ,' उनले भने।

द्विपक्षीय श्रम समझदारी रहेका कारण यो देशलाई राम्रो श्रम गन्तव्यका रूपमा लिइने गरिएको छ । तर द्वन्द्वका कारण गत वर्ष इजरेल जानका लागि छानिएका नेपाली कामदारमध्ये झन्डै ४० प्रतिशतले जाने 'इच्छा नदेखाएको' अधिकारीहरूले बताएका थिए।

'इजरेल चाहिँ महिलाहरूका लागि परम्परागत श्रम गन्तव्य नै हो । यहाँ केअरहोममा केअरगिभरका रूपमा काम गर्न महिलाहरू जाने गरेकामा पछिल्लो समय कृषिमा जाने महिलाहरूको संख्या पनि केही छ,' श्रमविज्ञ पौडेल भन्छिन्।

**यूएई जाने महिला सबैभन्दा धैरै**

सरकारले घरेलु कामदारका रूपमा कामदार जान रोक लगाए पनि मध्यपूर्वका देशहरूमा जाने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । गत वर्ष पौने तीन लाख नेपाली कामदारहरू यूएई पुग्दा श्रम स्वीकृति लिएर जाने महिलाहरूको सङ्ख्या ३२ हजार छ । अहिले यूएईमा सेवा क्षेत्रमा पनि नेपाली महिलाको माग आउने गरेको अधिकारीहरू बताउँछन्।

यूएईपछि सबैभन्दा धैरै महिला श्रमिक गएको देश कुवेत हो। यो देशमा १२ हजार महिला पुगेका छन्। महिला श्रमिक गएको तेस्रो ठूलो देश कतार हो। यो देशमा गत वर्ष १० हजार महिला पुगेका छन्।

जापान, दक्षिण कोरिया, क्रोएशिया र रुमेनियाजस्ता देशहरूमा पनि वार्षिक तीन हजारभन्दा ठूलो संख्यामा महिला श्रमिकहरू पुगिरहेका छन्।

यूएईले नेपालबाट घरेलु कामदार लैजानका लागि श्रम सम्झौता अघि बढाउने प्रस्ताव गरेको विवरण आएको छन् । तर श्रमविज्ञ पौडेल तत्काल त्यो सम्भावना आफूले नदेखेको बताउँछिन्।

'यूएईमा अहिले नै औपचारिक रूपमा हाम्रा महिला श्रमिकहरू घरेलु कामदारका रूपमा जाने सम्भावना म देख्दिनँ,' पौडेल भन्छिन्।

'यूएईले घरेलु श्रमिक पठाउन भन्दै छ। तर हाम्रो ऐनमा उल्लिखित कुराहरू सम्बोधन भएका छैनन् । हाम्रो संसदीय समितिले लगाएको रोक खोल्नका लागि पनि संसद् चाहिन्छ। त्यसले गर्दा धैरै जटिलता छ।'

उनका अनुसार पछिल्लो समय आबुधाबीपछि दुबईमा पनि नेपाली महावाणिज्य दूतावास स्थापना भएका कारण नेपाली कामदारहरूको हकअधिकार सुनिश्चित गर्ने वातावरण चाहिँ विगतभन्दा सुधार भएको छ।

# पूर्वअध्यक्ष रेग्मीद्वारा पूर्वप्रशासक सिंहको नियात्रा सङ्ग्रह लोकार्पण

**काठमाडौँ ।**
मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले पूर्वप्रशासक धनविक्रम सिंहद्वारा लिखित नियात्रा सङ्ग्रहको लोकार्पण गरेका छन ।

लेखनकुञ्ज 'घोष्ट राइटिङ'द्वारा प्रकाशित उक्त पुस्तकमा ८३ वर्षीय लेखक सिंहले आफ्नो जीवनको विभिन्न कालखण्डमा गरेका यात्राको वर्णनलाई कलात्मक एवं रोमाञ्चक ढङ्गबाट प्रस्तुत गरेका बताइको छ ।

नेपालका विभिन्न भागसहित भारत, हङकङ, पाकिस्तान, संयुक्तराज्य अमेरिका, अष्ट्रेलिया, अफ्रिकी मुलुक केनियालगायत बाह्य देशमा भ्रमण गर्दाको अनुभवलाई पुस्तकमा समावेश गरिएको प्रकाशक पक्षले जनाएको छ ।

भारतको विहारमा स्कुल अध्ययन गर्दाको, उच्च शिक्षा अध्ययनसहित ३० वर्षको सरकारी सेवामा रहँदाको र सेवा निवृत्त भएपछिका दिनमा सम्हालेका अनुभवलाई समेटेर नियात्रा कृति तयार गरेको पूर्वप्रशासक सिंहले जानकारी दिए ।

पुस्तक लोकार्पण समारोहमा मन्त्रिपरिषद्का पूर्वअध्यक्ष रेग्मीले छ वर्षअघि पूर्वप्रशासक सिंहको पुस्तक लोकार्पण गरेको स्मरण गर्दै ८४ वर्ष पुग्नै लागेका पूर्वप्रशासक सिंहले लगातार चार वटा कृति प्रकाशन गरी आफूलाई सक्रिय लेखकका रुपमा चिनाउन सफल भएको बताए ।

सो अवसरमा नेपाल सरकारका पूर्वसचिव शम्भु कोइराला, रसियाका लागि पूर्वनेपाली राजदूत भीम उदास, नियात्रा समाजका उपाध्यक्ष इल्या भट्टराई, घोष्ट राइटिङ नेपालका अध्यक्ष कमल ढकाललगायत वक्ताले लेखन कलालाई उमेरले छेक्न नसक्ने धारणा व्यक्त गर्दै पूर्वप्रशासक सिंहको अनुभवसहित समग्र पक्ष समेटिएको नियात्रा सङ्ग्रह पठनीय कृति बताए ।रासस

# मुग्लिन–पोखरा सडक शीघ्र सम्पन्न गर्न मन्त्री घिसिङको निर्देशन



**तनहुँ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले निर्माणाधीन मुग्लिन–पोखरा सडक शीघ्र सम्पन्न गर्न निर्देशन दिएका छन । जामुनेबाट पोखरासम्म पर्ने पश्चिमखण्डको आइतवार निरीक्षण गर्दै उनले निर्धारित समयमा काम सम्पन्न गरी आवागमन सहज बनाउन निर्माण व्यवसायीलाई निर्देशन दिएका हुन।

मन्त्री घिसिङले पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्मको हालसम्म भएको प्रगति विवरणबारे जानकारी लिँदै समस्या समाधानका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । पश्चिम खण्डमा भौतिक प्रगति ५९ दशमलव ७६ प्रतिशत र वित्तीय प्रगति ४७ दशमलव ८० प्रतिशत भएको छ।

आयोजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार ४८ दशमलव ८८ किलोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७ दशमलव चार किमीमा एकतर्फी रूपमा पहिलो तहको कालोपत्र सकिएको छ । त्यसमध्ये २९ दशमलव ६१ किमीमा चार लेन र सात दशमलव ७९ किमीमा दुई लेन कालोपत्र सम्पन्न भएको उनले जानकारी दिए।

उक्त खण्डमा १२ मध्ये ११ पुल निर्माण सम्पन्न भइसकेका छन् भने सेती नदीमा पुल निर्माणाधीन छ।

गत आर्थिक वर्षमा पश्चिम खण्डको २५ किमी सडक चार लेनमा स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा २३ दशमलव शून्य छ किमी कालोपत्र भएको आयोजना प्रमुख कुँवरले जानकारी दिए । उनका अनुसार ११ पुल निर्माण गर्ने लक्ष्य राखिएकामा लक्ष्यबमोजिम ११ वटै सम्पन्न भएका छन्।

छैसट्ठी कल्भर्ट निर्माण गर्ने लक्ष्य राखिएकामा ६५ र ५१ दशमलव पाँच किमी नाला निर्माण गर्ने लक्ष्य राखिएकामा ४५ दशमलव दुई किमी सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ। आगामी पुस १६ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७८ जेठ ३ गते रु सात अर्ब ४० करोडमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो ।रासस

# संसदीय अभ्यासले राजनीतिक परिपाटी निर्माण गर्न सघाउ पुर्याएको छः उपाध्यक्ष घिमिरे

**काठमाडौँ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले संसदीय अभ्यासले वर्तमान राजनीतिक परिपाटी निर्माण गर्न धेरै सघाउ पुर्याएको बताएकी छन। संसद् सेवा दिवस–२०८२ का अवसरमा आइतवार सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा बधाई तथा शुभकामना व्यक्त गर्दै उनले सो कुरा बताएकी छन।



लोकतान्त्रिक व्यवस्था स्थापनाका लागि भएका सबैखाले सङ्घर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उनले भनिन, 'मौलिक ढङ्गले संसदीय परिपाटीको सञ्चालन गर्दै संसद्लाई जीवन्त र जनमुखी बनाई लोकतन्त्रको विकास, विस्तार र सुदृढीकरण गर्दै लोकतन्त्रको लाभलाई जनस्तरसम्म पुर्याउनु आजको आवश्यकता हो ।' संसद्को जनउत्तरदायी, पारदर्शी र प्रभावकारिताबारे समीक्षा गर्नुपर्ने उनको भनाइ छ।

उपाध्यक्ष घिमिरेले संसद्लाई अझै जनउत्तरदायी, पारदर्शी र प्रभावकारी बनाउन सांसद, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र जनताले साझा प्रयास गर्नुपर्ने उल्लेख गरेकी छन ।

उनले भनिन 'संसद् बलियो हुँदामात्र संविधान कार्यान्वयन हुन्छ, शासन उत्तरदायी बन्छ र जनताले सुशासन अनुभव गर्न पाउँछन्, सबै पक्षको साझा प्रतिबद्धता र समन्वयात्मक प्रयासबाट मात्र संसद्को गरिमा पुनःस्थापना गर्न सकिन्छ, जसले लोकतन्त्रलाई बलियो बनाउँछ र जनतामा विश्वास जागृत गराउँछ । जनताका मुद्दालाई सशक्त रूपमा उठाउन सक्ने क्षमताको विकास गर्नु जरुरी छ।'

'संसद् नागरिकको आवाज, आकाङ्क्षा, विचार र आवश्यकता बोकेको संस्था हो, नेपालले लामो सङ्घर्षपछि लोकतन्त्र र सङ्घीय प्रणाली अवलम्बन गर्दै संसद्लाई जनताको सर्वोच्च प्रतिनिधि निकायका रूपमा स्थापित गरेको छ", उपाध्यक्ष घिमिरे भनिन ।रासस

# समावेशीकरणको संरक्षण गर्नु राज्यको दायित्व होः प्रधानमन्त्री कार्की

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले संविधानले सुनिश्चित गरेको समावेशीकरण, सामाजिक न्याय र सांस्कृतिक–भाषिक विविधताको संरक्षण तथा प्रवद्र्धन गर्नु राज्यको दायित्व भएको बताएकी छन।



आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको २६औँ सञ्चालक परिषद् बैठक आइतवार उद्घाटन गर्दै उनले आदिवासी जनजातिहरूको पहिचान, अधिकार, संस्कृति र समग्र विकासका लागि प्रतिष्ठानले गर्दै आएको योगदान प्रशंसनीय रहेको छ ।

उनले परिषद् बैठकबाट गरिने निर्णय, मार्गदर्शन तथा नीतिगत सुझावहरू राष्ट्रिय नीतिहरूको प्रभावकारी कार्यान्वयनमा सान्दर्भिक हुने विश्वास व्यक्त गरिन।

प्रधानमन्त्री कार्कीले संस्थागत सुदृढीकरण, कार्यक्रमको प्रभावकारिता, अनुसन्धानमा आधारित नीतिको सिफारिस, मातृभाषा तथा संस्कृतिको अभिलेखीकरण र संरक्षण, साथै आदिवासी जनजातिहरूको दिगो सामाजिक–आर्थिक सशक्तीकरणका लागि परिषद् बैठकले स्पष्ट दिशा तय गर्ने अपेक्षा व्यक्त गरिन।

उनले सरकारले प्रतिष्ठानका कार्यक्रम तथा गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक नीतिगत, संरचनात्मक सुधार तथा बजेट उपलब्ध गराउँदै आएको जानकारी दिईन।

प्रधानमन्त्री कार्कीले विकास साझेदार, नागरिक समाज, स्थानीय सरकार र समुदायबीचको सहकार्यलाई अझ मजबुत बनाउँदै समावेशी विकासका उद्देश्य हासिल गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि सरकार आवश्यक सहजीकरण गर्न तत्पर रहेको बताईन । संविधानले आत्मसात गरेको गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशीकरणका मान्यतालाई सबै जातजाति तथा समुदायको सर्वोपरि हितका लागि कार्यान्वयनमा लैजानु सरकार र आमनागरिक दुवैको दायित्व भएको उनको भनाइ थियो ।

विविधतालाई राष्ट्रिय एकतामा रूपान्तरण गर्न तथा आदिवासी जनजातिको सांस्कृतिक हक सुनिश्चित गर्न संविधानले प्रत्याभूत गरेका व्यवस्थाहरू कार्यान्वयन गर्नुपर्ने उनले उल्लेख गरिन।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)–१६९ र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रअनुसार कानुन संशोधन गर्न सर्वोच्च अदालतले दिएको निर्देशनात्मक आदेशको सम्मान गर्दै समयानुकूल नियम कानुन परिमार्जनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लैजान सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट गरे।

आदिवासी जनजाति आयोग र थारू आयोगजस्ता संवैधानिक आयोगहरूको गठनले हक अधिकार संरक्षणमा सहयोग पुगेको उल्लेख गर्दै उनले आयोग र प्रतिष्ठानबीच आपसी सहकार्य र समन्वयका आधारमा साझा लक्ष्य हासिल गर्नुपर्ने आवश्यकता औँल्याए। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले उठाएका सुशासन, समृद्धि, नातावाद, क्रिपावाद र पक्षपातको अन्त्यसम्बन्धी मागहरू समावेशी विकास र सामाजिक न्यायको आकांक्षाको अभिव्यक्ति भएको प्रधानमन्त्री कार्कीको भनाइ थियो। सबै वर्ग र समुदायको समान पहुँच र सहभागितामा भएको विकास मात्र दिगो हुने र यसले राष्ट्रलाई बलियो बनाउने उनले बताईन। रासस

# 'मदिरा नियन्त्रणमा दीर्घकालीन रणनीति आवश्यक'

**काठमाडौँ।**
नेपालमा बढ्दो मदिरा प्रयोगसँगै यसले पु¥याउने स्वास्थ्य तथा सामाजिक असर न्यूनीकरणमा दीर्घकालीन रणनीति आवश्यक रहेकामा सरोकार भएका तथा विज्ञहरूले जोड दिएका छन।

नेपाल मदिरा नीति सञ्जाल (नापा)को आयोजना तथा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको समन्वयमा 'नेपालमा मदिरा प्रयोगको अवस्थाः नीतिगत चुनौती, लत तथा मानसिक स्वास्थ्य' विषयक छलफल कार्यक्रममा सहभागीहरूले मदिराजन्य पदार्थ नियन्त्रणका लागि दीर्घकालीन रणनीति आवश्यक पर्ने बताएका हुन।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा विकास देवकोटाले मदिरा नियन्त्रण तुरुन्त नतिजा खोज्ने विषय नभई दीर्घकालीन रूपमा अघि बढ्नुपर्ने बताए । उनले मदिराजन्य पदार्थको सेवन नियन्त्रण गर्दै भावी पुस्ताको भविष्य सुनिश्चित गर्नका लागि व्यक्ति, परिवार, समाज र राज्य सबैको साझा जिम्मेवारी रहेको उल्लेख गरे।

प्रयोग घटाउने उद्देश्यले कर बढाउने प्रस्तावमा पनि गृहकार्य भइरहेको डा देवकोटाले जानकारी दिए । मदिरा सेवन कम गराउन जनचेतना अभिवृद्धि महत्वपूर्ण हुने भन्दै नीतिगत सुधार र दीर्घकालीन समाधानतर्फ चरणबद्ध रूपमा अघि बढ्न सबैको प्रतिबद्धता आवश्यक पर्ने उनले स्पष्ट पारे।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रकी निर्देशक डा राधिका थपलियाले आगामी पुस्तालाई मदिरा सेवन गर्नबाट रोक्न सकिए प्रभावकारी हुने बताईन । उनले यसका लागि विद्यालयस्तरमै किशोरकिशोरी लक्षित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए । मदिराजन्य पदार्थप्रति सामाजिक धारणा परिवर्तन गर्दै नियन्त्रणको सुरुआत आफैँबाट हुनुपर्ने उनको धारणा छ।

केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुङ्गानाले मदिरा सेवनको कुनै सुरक्षित मात्रा नहुने बताउँदै यसले स्वास्थ्यमा तत्कालीन तथा दीर्घकालीन असर पार्ने भएकाले मृत्युदर बढाउँदै गएको जानकारी दिए । मदिरा नियन्त्रणसम्बन्धी एकीकृत ऐन निर्माणका लागि अवधारणापत्र तयार भइसकेको जनाउँदै उनले यसमा थप गृहकार्य र छलफल भइरहेको बताईन ।मनोचिकित्सक डा जस्मिन माले मदिराजन्य पदार्थले बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्ने भन्दै सानै उमेरमा सेवन गर्दा कुलत, हिंसा, एन्जाइटी र डिप्रेसनजस्ता समस्या बढ्ने जोखिम रहेको उल्लेख गरे । यसबाट जोगाउन विद्यालयस्तरमै विशेष कार्यक्रम आवश्यक रहेको उनको भनाइ छ ।रासस

# जसपाद्वारा उम्मेदवारको नाम सिफारिस गर्न सर्कुलर

**काठमाडौँ।**
जनता समाजवादी पार्टी, (जसपा) नेपालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गर्न मातहत समितिमा सर्कुलर जारी गरेको छ।

संसदीय निर्वाचन क्षेत्र समन्वय समितिले आउँदो पुस १० गतेभित्र जिल्ला समितिमा र जिल्ला समितिले आवश्यक निर्णयका साथ पुस १५ गतेभित्र प्रदेश समितिमा उम्मेदवारको नाम पठाइसक्नुपर्ने तथा पार्टी प्रदेश समितिले जिल्ला समितिबाट प्राप्त नामावलीउपर निर्णय गरी पुस २० गतेभित्र प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा तीन जनासम्म हुनेगरी अनिवार्य रुपले सम्भावित उम्मेदवारको नामावली पठाइसक्न मातहत समितिलाई सर्कुलर जारी गरिएको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।

उनका अनुसार केन्द्रीय कार्यालय वा पार्टी अध्यक्ष उपेन्द्र यादव संयोजकत्वको सङ्घीय संसदीय बोर्डमा उम्मेदवारको नामावली पठाउन सर्कुलर जारी गरिएको हो।

समानुपातिकतर्फ प्रत्येक जिल्लाबाट जिल्ला समितिले कम्तीमा तीन जना पुरूष र तीन महिला जातीय कलस्टरअनुसार समावेशी हुनेगरी प्रदेश समितिमा आउँदो पुस १ गतेभित्र पठाउने र प्रदेश समितिले उक्त नामावली माथि छलफल गरी आफ्नो रायसहित उम्मेदवारको नाम सिफारिस गरी पुस ५ गतेभित्र केन्द्रीय कार्यालय वा संसदीय बोर्डमा बुझाइसक्नुपर्ने जनाइएको छ।

कुनै कारणबस तोकिएको निर्धारित समयभित्र प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्ष÷समानुपातिकतर्फका उम्मेदवारको नाम केन्द्रीय कार्यालय वा सङ्घीय संसदीय बोर्डलाई प्राप्त नभएमा वा हुन नसकेमा संसदीय बोर्डले नै उम्मेदवारको मनोनयन गरी कार्यान्वयन गर्नसक्ने सर्कुलर जारी भएको बस्नेतले बताए।

उनले भने, 'पार्टी विधानको धारा–११७ उपधारा (३) बमोजिम योग्यता पूरा गरेका कुनै पनि सङ्गठित पार्टी सदस्यले प्रत्यक्षतर्फ वा समानुपातिकतर्फ उम्मेदवार हुन चाहेमा सोझै केन्द्रीय कार्यालय वा सङ्घीय संसदीय बोर्डमा उम्मेदवार हुन आवेदन दिन सक्नेछ । यसरी आएका आवेदनउपर सङ्घीय संसदीय बोर्डले सम्बन्धित जिल्ला र प्रदेश समितिसँग राय परामर्श गरी आवश्यक निर्णय लिन सक्नेछ।'

सङ्घीय संसदीय बोर्डमा नाम पठाउँदा निर्वाचन क्षेत्र समन्वय समिति, जिल्ला समिति र प्रदेश समितिले गरेका निर्णय बैठकको निर्णय पुस्तिकाको प्रतिलिपिसमेत संलग्न गरी पठाउनुपर्ने तथा उम्मेदवारको अन्तिम निर्णय सङ्घीय संसदीय बोर्डले नै गर्ने सो पार्टीले जनाएको छ ।रासस

# सहसचिव गिरीलाई 'सर्वोत्कृष्ट संसद्सेवा पुरस्कार'

**काठमाडौँ।**
सङ्घीय संसद् सचिवालयले उत्कृष्ट कार्यसम्पादन गरेका चार जना कर्मचारीलाई पुरस्कृत गरेका छन । सभामुख देवराज घिमिरे र राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले १९ औँ संसद्सेवा दिवसका अवसरमा आईतवार आयोजित कार्यक्रममा उनहरुलाई पुरस्कार प्रदान गरे।

सचिवालयले सहसचिव मनोजकुमार गिरीलाई सर्वोत्कृष्ट 'संसद्सेवा पुरस्कार', शाखा अधिकृत जयराम खड्कालाई 'उत्कृष्ट संसद्सेवा पुरस्कार' तथा प्रविधिक नायब सुब्बा कृष्णकला पौडेल र कार्यालय सहायक गणेश महर्जनलाई 'संसद्सेवा पुरस्कार' प्रदान गरेको हो । पुरस्कारको राशि क्रमशः एक लाख, ७५ हजार रुपैयाँ र ५० हजार रुपैयाँ रहेको छ।

त्यसअवसरमा संसद् सेवाका अन्य चार जना माली, कुचिकार, चालक र कार्यालय सहयोगीलाई पनि प्रोत्साहनस्वरुप नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। यसअघि कार्यक्रममा सभामुख घिमिरे र राष्ट्रियसभा अध्यक्ष दाहालले 'संसद्सेवा' स्मारिका विमोचन गरे । स्मारिकाको विज्ञका रुपमा सेवा गरेका राष्ट्रिय समाचार समिति (रासस)का आलेख शाखाप्रमुख कृष्ण अधिकारीलाई सम्मान गरे । विसं २०५८ मङ्सिर २८ गते संसद्सेवा ऐन जारी भएको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाइन्छ ।रासस

# कोरला सडक आयोजनामा आठ अर्ब खर्च

**मुस्ताङ, २८ मङ्सिरः।**
यहाँको उत्तरदक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडकमा आठ अर्ब २० करोड रुपैयाँ खर्च भएको छ। आव २०८१÷८२ सम्म आयोजनाको प्रस्तावित लागत अनुमान १० अर्ब ५७ करोड रुपैयाँ रहेकामा आयोजनाले ८२ प्रतिशत बजेट खर्च गरेको हो।

भारत र चीन जोड्ने राष्ट्रिय गौरवको कोरला सडकअन्तर्गत पर्वतको मालुढुङ्गादेखि नेपाल–चीन कोरलानाकासम्मको दुई सय दुई किलोमिटर सडकको ट्र्याक खुलाइसकिएको छ । विसं २०७३ साल मङ्सिर १२ गते मन्त्रिपरिषद्को निर्णयअनुसार कालीगण्डकी करिडोर (बेनी–जोमसाम–कोरला) सडकलाई छुट्टै आयोजनाका रूपमा स्थापना गरिएको थियो । जसअन्तर्गत आयोजनाले यहाँ २०७३÷७४ सालदेखि निरन्तर पर्वत, म्याग्दी र मुस्ताङ खण्डमा दुई सय दुई किलोमिटर सडकको क्रमबद्ध रूपमा सडक स्तरोन्नति गरिरहेको छ । आयोजनाको पछिल्लो संशोधित सम्पन्न अवधि आव २०८२÷८३ प्रस्ताव गरिएको छ। तर कोरलानाकासम्मको सडक कालोपत्र गर्नुपर्ने आवश्यकता रहेकाले सम्पन्न अवधि पुनः संशोधन हुने निश्चित छ।

यस कालीगण्डकी करिडोर सडक आयोजनाअन्तर्गत दुई सय दुई किलोमिटर सडकको ट्र्याक खोल्ने, ९७ किलोमिटर सडक ग्राभेल, एक सय पाँच किलोमिटरमा कालोपत्र र १९ वटा पुल निर्माण गर्ने लक्ष्य छ। उक्त लक्ष्यअनुरुप आव २०८१÷८२ सम्ममा आयोजनाले दुई सय दुई किलोमिटर सडकको ट्र्याक खोलिसकेको, ९४ किलोमिटर सडक ग्राभेल, ८८ किलोमिटर कालोपत्र र १४ वटा पुल निर्माण सम्पन्न भइसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिए।

कोरला सडकका लागि आयोजनामार्फत तीन किलोमिटर ग्राभेल र कागबेनी–छुसाङ १० किमी कालोपत्रसहित २७ किलोमिटर सडकमा कालोपत्र गर्नुपर्ने र बाँकी स्थानमा नयाँ ठेक्का लगाउनुपर्ने छ । यस आयोजनाअन्तर्गत (कागबेनी–कोरला) सडकखण्डसमेत कालोपत्र गर्ने अवस्था रहेमा आयोजनाका कुल लागत अनुमान १५ अर्ब बढी हुनसक्ने आयोजना प्रमुख शर्माको भनाइ छ । जसअन्तर्गत कोरला सडकखण्डको पूरै दुई सय दुई किमी डबल लेनमा सडक स्तरोन्नति गरी कालोपत्र गर्ने र आवश्यक पुल निर्माण गर्ने लक्ष्य रहेको आयोजना प्रमुख शर्माले बताए।

कोरला सडकका लागि चालु आव २०८२÷८३ मा सडकतर्फ ६८ करोड १३ लाख रुपैयाँ विनियोजन भएको छ । आयोजनाले विनियोजित उक्त बजेटमध्ये प्रथम चौमासिकमा २३ करोड ७७ लाख रुपैयाँ अर्थात् ३४ दशमलव ८८ प्रतिशत बजेट खर्च गरेको छ । यसैगरी रणनीतिक सडक पुल निर्माण तथा पुलपुलेसा संरक्षणका लागि एक करोड ४५ लाख बजेट विनियोजन गरिएको छ । यस शीर्षकमा चालु वर्षको पहिलो चौमासिकसम्म कुनै वित्तिय भुक्तानी नभएको आयोजनाले जनाएको छ।

त्यसैगरी, गत आवमा यस आयोजनाका लागि सुरुआती पुँजीगतर्फ ९२ करोड ४५ लाख विनियोजन भएको थियो । उक्त बजेट संशोधन भई ९३ करोड ८० लाख रुपैयाँ बजेट कायम भएको थियो । गत वर्ष कोरला सडकको वित्तिय प्रगति ९९ करोड ९६ लाख भएको थियोभने भौतिक प्रगति शतप्रतिशत भएको आयोजना प्रमुख शर्माको भनाइ छ।

आयोजना अनुसार गतवर्ष १० किलोमिटर ग्राभेल सडक, ३० किलोमिटर कालोपत्र, एक सडक मर्मत तथा स्तरोन्नति र छवटा पक्की पुल सम्पन्न भएका आयोजना प्रमुख शर्माले उल्लेख गरे । राष्ट्रिय गौरवको कोरला सडकका लागि आव २०७३÷७४ मा ४५ करोड ९३ लाख रुपैयाँ , आव २०७४÷७५ मा एक अर्ब ५१ करोड २८ लाख, आव २०७५÷७६ मा एक अर्ब ३१ करोड रुपैयाँ, आव २०७६÷७७ मा ९० करोड २५ लाख रुपैयाँ, आव २०७७÷७८ मा ९३ करोड ४९ लाख रुपैयाँ, आव २०७८÷७९ मा ८४ करोड ८६ लाख रुपैयाँ, आव २०७९÷८० मा ५७ करोड एक लाख रुपैयाँ, आव २०८०÷८१ मा ७२ करोड ७८ लाख र आव २०८१÷८२ मा ९३ करोड ७७ लाख रुपैयाँ बजेट खर्च भएको आयोजनाको तथ्याङ्कमा उल्लेख छ।

कोरला सडकअन्तर्गत मालढुङ्गा बेनी सडकखण्डमा दुई सय मिटर सडकमा पहिरो रोकथाम गर्नुपर्ने, मालढुङ्गा बेनी खण्डको नौ सय मिटर बेनीबजार क्षेत्रमा विवादको कारण सडक निर्माणमा बाधा पुगेको र त्यहाँ विवाद समाधान गरी सडक एलाइमेन्ट परिवर्तन गरी नयाँ ठेक्का खुल्नुपर्ने आवश्यकता रहेको आयोजनाले जनाएको छ । बेनीदेखि तातोपानी खण्डको चार किलोमिटर दूरीमा पहिरो रोकथामका लागि आवश्यक सडक स्थिरीकरण गरी दायाँ फुटपाथको कार्य गर्नुपर्ने देखिन्छ । यसैगरी म्याग्दीको तातोपानीदेखि जोमसोम खण्डको २.५ किलोमिटर क्षेत्रमा पहिरो रोकथामका लागि आवश्यक सडक स्थिरीकरण गर्दै दाया फुटपाथको काम गर्नुपर्ने चुनौती रहेको छ।

बेनीदेखि जोमसोमसम्मको टुकुचे, भुरुङखोला र बोक्सी खोलामा दुईवटा गरी चार वटा थप पुल निर्माण गर्नुपर्नेछ। यहाँको जोमसोम–कोरला सडकअन्तर्गत छुसाङदेखि घमीसम्म ४० किलोमिटरको वातावरण प्रभाव मूल्याङ्कन इआइए तथा डिपिआर भइसकेको र त्यसका लागि कालोपत्र गर्न रु दुई अर्ब चार करोड लागतमा बहुवर्षीय ठेक्का लगाउनुपर्ने देखिएको छ। घमीदेखि कोरला ५० किलोमिटर सडकको इआइए र सडक डिपिआर भइसकेकाले तीन अर्ब रुपैयाँ लागतको बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने आयोजनाले जनाएको छ।रासस

# धानको उत्पादन घटेसँगै मूल्यमा पनि गिरावट



**मोरङ।**
जिल्लामा बेमौसमी वर्षाका कारण यस वर्ष धान उत्पादन घटेको छ। धान उत्पादनको हिसाबले देशमै राम्रो मानिने मोरङमा गत वर्षभन्दा यस वर्ष दुई हजार ८४ मेट्रिक टन धान उत्पादन घटेको हो।

मोरङस्थित कृषि ज्ञान केन्द्रकी प्रमुख दीपा देवका अनुसार कात्तिक दोस्रो साताको बेमौसमी वर्षाले धानखेतीमा क्षति पुग्दा उत्पादन घटेको आकलन रहेको बताए । गत वर्ष जिल्लामा तीन लाख ३९ हजार तीन दशमलव ४५ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष तीन लाख ३६ हजार ९१९ दशमलव ४१ मेट्रिक टन उत्पादन भएको उनले जानकारी दिए। गत वर्ष प्रतिहेक्टर चार दशमलव ८८ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष प्रतिहेक्टर चार दशमलव ८५ मेट्रिक टनमात्र उत्पादन भएको हो। यस वर्ष जिल्लामा ६९ हजार ४६७ दशमलव ९२ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको तथ्याङ्क छ।

'खेतीयोग्य जमिन आसपासका खोलानाला मास्ने क्रम बढ्दो भएकाले पानीको निकास हुन सकेन र पाकेको धानमा बढी क्षति पुगेर उत्पादन घटेको हुनसक्ने हाम्रो अनुमान छ', कृषिविज्ञ राजेन्द्र उप्रेतीले भने। उनले यस वर्ष धान राम्रो उत्पादन भए पनि थन्क्याउने समयमा बेमौसमी वर्षाले असर पुगेको बताए।

बेलबारी–११ भाङबारीका वीरेन्द्र खत्रीले करिब छ बिघा जमिनमा लगाएको धानखेतीमा करिब ९० मन धानमा बेमौसमी वर्षाले क्षति पुगेको बताए । धानमा क्षतिसँगै मूल्यमा पनि गिरावट आएकाले किसान चिन्तित हुनुपरेको खत्री बताउनहुन्छ।

यस वर्ष धानको बजार मूल्य प्रतिमन एक हजार २०० रुपैयाँ देखि एक हजार ३०० रुपैयाँ सम्म रहेको उनले सुनाए । गत वर्ष मङ्सिरमा धानको बजार मूल्य प्रतिमन एक हजार ७०० रुपैयाँ देखि एक हजार ८०० रुपैयाँ सम्ममा कारोबार भएको खत्रीले जानकारी दिए। रासस

# अमेरिकाको एक विश्वविद्यालयमा गोली चल्दा २ विद्यार्थीको मृत्यु, ९ घाइते



अमेरिकाको रोड आइल्यान्ड राज्यको प्रिभिडेन्सस्थित प्रतिष्ठित निजी ब्राउन विश्वविद्यालयमा स्थानीय समयअनुसार शनिबार दिउँसो भएको गोलीकाण्डमा २ विद्यार्थी मारिएका छन्। स्थानीय समयअनुसार ४ बजे तिर एक व्यक्तिले अन्धाधुन्ध आक्रमण गर्दा अन्य ९ विद्यार्थी घाइते भएको जनाइउको छ।

विश्वविद्यालयको इन्जिनियरिङ र भौतिकशास्त्र भवन को एउटा कक्षाकोठामा फाइनल परीक्षाको तयारी भइरहेको समयमा यो दुःखद् घटना भएको थियो। घाइतेमध्ये केहीको अवस्था चिन्ताजनक रहेको अस्पतालले जानकारी दिएको छ। प्रिभिडेन्सका मेयर ब्रेट स्माइलीले घाइतेहरूको अवस्था हेर्दा हताहत हुनेको सङ्ख्या बढ्न सक्ने बताए।

गोली चलाउने शङ्कास्पद आक्रमणकारी अझै फरार रहेका छन्। प्रहरीका अनुसार आक्रमणकारी पुरै कालो लुगा लगाएका एक पुरुष थिए र उनी घटनास्थलबाट हिँडेरै भागेका थिए। अधिकारीहरूले आक्रमणकारी करिब ३० वर्षको युवा भएको हुन सक्ने जनाएका छन्।प्रहरीले घटनाको लगत्तै एक जनालाई नियन्त्रणमा लिएको भए पनि उनी गोलीकाण्डमा संलग्न नभएको पत्ता लागेपछि रिहा गरिएको थियो। शङ्कास्पद व्यक्तिको खोजीका लागि बृहत् मानहन्ट सुरु गरिएको छ। स्थानीय, राज्य र सङ्घीय निकायहरूका ४०० भन्दा बढी कानून प्रवर्तन अधिकारीहरू परिचालन भएका छन्।

खोजी कार्यमा एफबीआई र एटीएफ लगायतका सङ्घीय एजेन्सीहरू पनि संलग्न छन्। यसैबीच, ब्राउन विश्वविद्यालय र त्यस वरपरको ठूलो क्षेत्रमा सेल्टरहरु लिएर बसेको हुन सक्ने चेतावनी जारी गरिएको छ। त्यसैले स्थानीय बासिन्दाहरूलाई सुरक्षित रूपमा घरभित्रै बस्न आग्रह गरिएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्प ले यस गोलीकाण्डबारे आफूलाई जानकारी गराइएको बताएका छन्। शनिबार अबेर राति भएको पत्रकार सम्मेलनमा मेयर ब्रेट स्माइलीले आक्रमणकारीको खोजी रातभर जारी रहेको र स्थानीय बासिन्दाहरूलाई सप्ताहान्तका आफ्ना योजनाहरू रद्द गरेर सुरक्षित बस्न भनेका छन्। उनले क्रिसमस नजिकिँदै गर्दा धेरै बासिन्दाहरु बिदाका पार्टीहरू वा चर्च जाने जस्ता पूर्व निर्धारित कार्यक्रमहरू बनाएको हुन सक्ने भन्दै सचेत गराएका हुन्। एजेन्सी

# जलजला आलुको बीउमा आत्मनिर्भर

**म्याग्दी ।**
जिल्ला सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका बीउ आलुमा आत्मनिर्भर बनेको छ । राष्ट्रिय आलु बाली अनुसन्धान केन्द्रसँग समन्वय गरेर कम उत्पादन क्षमता भएको पुरानो बीउलाई विस्थापित गरी गुणस्तरीय बीउ उत्पादन गरिएको हो ।



राष्ट्रिय कृषि अनुसन्धान परिषद्ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको पूर्वमूलबीउलाई पिबिएम प्रविधिबाट (बियाँबाट आलुको बीउ उत्पादन) गरेर आत्मनिर्भर बनाइएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिए । उनका अनुसार उत्पादन क्षमता कम भएको पुरानो बीउको प्रयोग हुँदा उत्पादन, गुणस्तर र रोगकीराको समस्या देखिएपछि २०७९ सालमा जलजला गाउँपालिका–६ लाम्पाटाको बराहटोलमा खुमल सेतो १, खुमल उज्वल, जनकदेव, खुमल रातो र कार्डनल जातको आलुको ५३ हजार २०० सय दाना रोपेर पहिलो पुस्ताको बीउ उत्पादन थालिएको थियो ।

'लाम्पाटामा पूर्वबीउका साथै सल्यानलगायतका ठाउँमा उत्पादन हुने दोस्रो र तेस्रो पुस्ताको आलुको बीउ खरिद गरेर चिस्यानगृहमा भण्डारण गरी किसानलाई सहुलियत दरमा उपलब्ध गराएका छौँ', अध्यक्ष आचार्यले भने, 'गत वर्ष उत्पादन भएको दुई हजार २५२ बोरा बीउ पालिकाका किसानलाई पुगेर पनि अन्य जिल्लामा बिक्री गरेका छन् ।'

पिबिएम प्रविधिबाट उत्पादन भएको आलुको बीउ पाँच पुस्तापछि खानयोग्य हुन्छ । यसअघि जलजलाका किसानले करिब ५० वर्ष पुरानो बीउ प्रयोग गर्दै आएका थिए । पुरानो बीउ लगाउँदा एक बोराबाट सातदेखि १० बोरासम्म उत्पादन हुने गरेकामा नयाँ बीउ लगाउँदा एक बोराले २० बोरासम्म उत्पादन दिन थालेको किसानले बताएका छन् ।

गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले किसानले उत्पादन गरेको बीउलाई प्रतिकिलो ६५ रुपैयाँ मा खरिद गरेर ५० प्रतिशत ढुवानीमा अनुदानसहित पोखराको चिस्यानगृहमा भण्डारण गर्ने र प्रतिकिलो १५ रुपैयाँ अनुदान दिएर किसानलाई वितरण गर्ने व्यवस्था मिलाएको बताए ।

अनुदानमा एक बोरा आलुको बीउ लैजाने किसानले कम्तीमा पाँच बोरा गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने सर्त छ । गाउँपालिकालाई उपलब्ध गराएर बचेको बीउ किसानले छिमेकी जिल्ला म्याग्दी, बागलुङ, कास्की र पर्वतका अन्य स्थानीय तहमा बेच्छन् । जलजलामा वार्षिक एक हजार ८०० बोरा आलुको बीउ आवश्यक पर्ने गरेको जनाइएको छ । जलजलाको बनौ, तारे, शालिजा, लेकफाँट, धाइरिङको धाखेत, धारापानीमा बर्खे र सल्यान, नाग्लीवाङ, मल्लाजमा हिउँदे आलुखेती आलुखेती हुने गरेको छ । राम्रो मूल्य र बजार पाइने भएकाले खानका साथै बीउ उत्पादनमा किसान आकर्षित भएका छन् ।

जलजला–बाँसबोट कृषक समूहका सचिव कमलनयन आचार्यले ८० रोपनी खेत भाडामा लिएर १६ जनाले सामूहिक बीउका लागि आलुखेती सुरु गरिएको जानकारी दिए । किसानले व्यक्तिगत रूपमा ५० बोरा र समूहले एक सय १५ बोरा आलु रोपेका उनले बताए ।

सामूहिक आलुखेती सुरु भएको खेतमा यसअघि हिउँदमा खेती हुँदैनथ्यो । बाँसबोटमा दुई वर्षअघि पुर्जाखोला सिँचाइ आयोजना निर्माण सकिएपछि बाह्रै महिना सिँचाइ सुविधा पुगेको बाँझो खेतबारी पछिल्लो दुई वर्षयता हराभरा हुन थालेको किसान भोजराज आचार्यले बताए ।

'सिँचाइ सुविधा नहुँदा बाँसबोटका किसानले अकासे पानीका भरमा धानबालीमात्र लगाउँथे । सिँचाइ सुविधा भएपछि बसाइँसराइ र जनशक्ति अभावका कारण हिउँदमा बाँझिने जग्गामा पनि आलुसहित तीन बाली खेती सुरु गरेका छौँ । धान उत्पादन पनि दोब्बरले बढेको छ', उनले भने ।

गण्डकी प्रदेश सरकारले निर्माण गरेको पुर्जाखोला सिँचाइ आयोजनाबाट बाँसबोटका साथै फोक्सिङ, छहरा र एकपाटेका तीन सय घर किसानका छ सय २० रोपनी जमिनमा सिँचाइ सुविधा पुगेको छ । स्थानीय अगुवा किसान लोकराज आचार्यले बाँझिएको जमिनलाई सदुपयोग, रोजगारी सृजना र किसानको आयआर्जन वृद्धिका लागि आलुको बीउ उत्पादन कार्यक्रम प्रभावकारी बनेको बताए । उत्पादन बढ्दै गए पनि यहाँ बाँदरको समस्या आलुखेतीका लागि चुनौती बनेको छ । बाँदरका हुलले आलुका बिरुवा उखेल्ने र दाना निकालेर दुःख दिने गरेको जलजला गाउँपालिका–७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताए । सामूहिक आलुखेती भएकाले तीन महिनाका लागि बाँदर हेरालु राख्न गाउँपालिकामा समझदारी भएकाले कार्यान्वयनमा आएपछि केही राहत हुने उनले बताए ।रासस

# खेतीयोग्य बारी बाँझिदै गएपछि बागलुङमा कोदो उत्पादन घट्यो

**बागलुङ ।**
खेतीयोग्य बारी बाँझिदै जान थालेपछि बागलुङमा हरेका वर्ष कोदो उत्पादन घट्दै गएको छ । किसानले कोदोखेती गर्न छोडेर जमिन बाँझो राख्न थालेपछि उत्पादनमा कमी आएको हो । पहिले खेती गर्ने बारीमा हिजोआज किसानले किबी, सुन्तला, कागतीलगायत फलफूलखेती गरेका छन् भने कतिपय जमिन बाँझै छन् ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार अघिल्लो वर्ष जिल्लामा १० हजार ८०० मेट्रिकटन कोदो उत्पादन भएको थियो । यसवर्ष उत्पादन घटेर १० हजार ७३१ मेट्रिकटन भएको केन्द्रका निमित्त प्रमुख कुमार पुनमगरले जानकारी दिए । उनका अनुसार गत वर्ष आठ हजार ४६० हेक्टरमा कोदोखेती भएको थियो भने यस वर्ष आठ हजार ४५० हेक्टरमा खेती लगाइएको थियो ।

बर्सेनि जिल्लामा कोदो उत्पादनमा कमी आइरहेको केन्द्रका निमित्त प्रमुख पुनमगरले बताए । कोदोखेती गर्ने क्षेत्र घट्दा उत्पादन पनि घटेको उनको भनाइ छ । पछिल्लो समय किसान कोदोखेती छोडेर नगदेबालीतर्फ आकर्षित भएका उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्रले किसानलाई रैथाने बाली तथा स्थानीयखेतीतर्फ आकर्षित गर्नका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको पुनमगरले जानकारी दिए । अहिले कोदोको माग अत्यधिक बढेपछि बाहिरबाट आयात गर्नुपरेको उनको भनाइ छ ।

'पछिल्लो केही वर्षको तथ्याङ्क हेर्दा हरेक वर्ष कोदोको उत्पादन घटेको देखिन्छ, किसानले परम्परागत खेती गर्न विस्तारै छोड्दै छन् । खेती गर्ने क्षेत्र घट्दा उत्पादनमा गिरावट आएको देखिन्छ', पुनमगरले भने, 'अहिले धेरै किसानले कोदो फल्ने बारीमा कागती, सुन्तलालगायत नगदेबाली लगाउन थालेका छन् ।'

ग्रामीण क्षेत्रका पाखोबारीमा काम गर्ने जनशक्ति पाइन छोडेपछि कोदोखेती कम हुन थालेको स्थानीय बताउँछन् ।

कुनैबेला कम खपत हुने बालीका रूपमा रहेको कोदो अहिले सहरबजारका ठूलाठूला होटल तथा रेष्टुरेन्टमा माग हुने गर्दछ । ग्राहकको माग बढ्न थालेपछि होटल सञ्चालकले ग्रामीण क्षेत्रबाट कोदो मगाउन थालेका छन् । मागअनुसार कोदो पाउन मुस्किल पर्ने गरेको होटल व्यवसायी तुलबहादुर थापामगरले बताए । जाडोका बेला ढिँडोका र अन्यबेला कोदोकै सेलरोटीको माग बढी आउने गरेको उनको भनाइ छ ।

थापाले भने, 'सहरबजारबाट आउने पाहुनाले कोदोको ढिँडो भनेर हैरानै पार्छन्, गाउँमा कोदो पाउन छोड्यो, पहिले कोदोको ढिँडो पनि के खानु र भन्थे । अहिले त्यही ढिँडो महत्वपूर्ण बनेको छ । गाउँका बारी जति सबै बाँझो हुँदै गएका छन्, सहरबजारमा बस्नेले ढिँडो खोज्छन् ।'

गाउँमा काम गर्ने जनशक्ति नपाउँदा कोदो फलाउने बारी बाँझोमा परिणत हुँदै गएको जैमिनी नगरपालिका–८ श्यामबहादुर थापाले बताए । एकदशक अगाडिसम्म गाउँमा बजारबाट चामल ल्याउन समस्या हुने गरेको भन्दै उनले कोदोको ढिँडो र रोटी खाएर जीविकोपार्जन गर्ने गरिएको स्मरण गरे । उनका अनुसार पहिले कोदोखेती हुने पाखोबारी अहिले सबै बनमाराले ढाकिएको छ । रासस

# मुआब्जा नपाएपछि माथिल्लो रावाखोला आयोजना बन्द

**खोटाङ ।**
प्रवर्द्धक कम्पनीले मुआब्जा नदिएपछि केपिलासगढी गाउँपालिकाका जग्गाधनीले माथिल्लो रावाखोला साना जलविद्युत् आयोजना पुनः बन्द गराएका छन् । विद्युत् आयोजनाले ओगटेको निजी जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्ति नपाएको भन्दै जग्गाधनीले तीन मेगावाट क्षमताको माथिल्लो रावाखोला जलविद्युत् आयोजनाको उत्पादन बन्द गराएका हुन् ।

यही मङ्सिर ६ गते प्रवद्र्धक कम्पनीका प्रतिनिधि र जग्गाधनीबीच मङ्सिर २५ गतेभित्र क्षतिपूर्ति उपलब्ध गराउने सहमति भएको थियो ।

दुई पक्षबीच गरिएको लिखित सहमति प्रवद्र्धक कम्पनीले कार्यान्वयन नगरेपछि जग्गाधनीले सोही दिनदेखि पानी टरबाइनबाट हटाएर खोलातिर फर्काइदिएका थिए । लामो समयदेखि मुआब्जा नपाएको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीले गत चैतमा पनि उक्त जलविद्युत् आयोजना बन्द गराएका थिए ।

जग्गाधनीले मुआब्जा नदिएसम्म जलविद्युत् आयोजनाको उत्पादन बन्द गर्ने चेतावनी दिएका छन् ।

सुङ्देल र केपिलासगढी गाउँपालिका–६, दिप्सुङको सिमानामा रहेको रावाखोलाबाट उत्पादन गरिएको तीन मेगावाट क्षमताको आयोजना २०७७ भदौ १६ गते नेसनल ग्रिडमा जोडिएको थियो । कम्पनीले पोल गाडिएका जग्गाको क्षतिपूर्ति दिए पनि तार र पाइपलाइनले ओगटेको जग्गाको क्षतिपूर्ति नदिएको स्थानीयले बताएका छन् । जलविद्युत् आयोजना सञ्चालन भएको वर्षौं वित्दा पनि रावा इनर्जी डेभलपमेन्ट प्रालिले उपयोग गरेको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति नदिएका कारण आयोजना बन्द गरेको स्थानीय माइतीराज राईले जानकारी दिए ।

'गत चैतमा पनि स्थानीयले उक्त जलविद्युत् आयोजना बन्द गराएका थिए । मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपश्चात सञ्चालनमा आएको थियो', उनले भने, 'सहमति कार्यान्वयनमा नआएपछि उपभोक्ताले पुनः आयोजना बन्द गराएका हुन् । यस विषयमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।'

स्थानीय जग्गाधनीले आयोजना सञ्चालन गर्न ओगटिएको सम्पूर्ण जग्गाको निष्पक्ष मूल्याङ्कनसहित तुरुन्त क्षतिपूर्तिदिनुपर्ने, जालपादेखि विद्युत् गृहसम्मको सडक मर्मत, सोलिङ तथा ढल व्यवस्थापन गर्नुपर्ने, हिउँदमा खोलामा १०–१५ प्रतिशत पानी अनिवार्य छाड्नुपर्ने, सरकारी जग्गा प्रयोग गर्दा कानुनी अनुमति लिनुपर्ने, प्रभावित स्थानीयलाई प्राथमिकतामा राखेर समस्या समाधान गर्नुपर्नेलगायत माग राखेका छन् ।

आयोजनाका सञ्चालक समितिका सदस्य राजन दाहालले अहिले उठाइएका कतिपय माग सम्बोधन गर्न नसकिने बताए ।

केपिलासगढी गाउँपालिकाको समन्वयमा रावा इनर्जी डेभलपमेन्ट कम्पनी र निजी तथा सार्वजनिक सम्पत्ति संरक्षण सङ्घर्ष समितिबीच २०८१ चैत ५ गते बसेको बैठकमा मुआब्जा समन्वय समिति गठन गरिएको थियो । स्थानीय पटनबहादुर राईको संयोजकत्वमा गठित समितिले रावा इनर्जी डेभलपमेन्ट कम्पनीसँग समन्वय गरेर ३५ दिनभित्र जग्गादातालाई मुआब्जा उपलब्ध गराउने सहमति गरेको थियो ।

गाउँपालिकाको कार्यालयमा बसेर गरिएको सहमति कार्यान्वयन नभएपछि जिल्ला प्रशासन कार्यालयलाई समेत ज्ञापनपत्र बुझाएका थिए । गत वैशाख ३० गते ज्ञापनपत्र बुझ्हुँदै तत्कालीन निमित्त प्रमुख जिल्ला अधिकारी सागर साहले समस्या समाधान गर्न पहल गर्ने बताउनुभएको थियो । तर हालसम्म प्रशासनले कुनै पहल नगरेको स्थानीयवासीको आरोप छ ।रासस

# निर्वाचन ८१ दिन बाँकीः निर्वाचनको देशव्यापी माहोल बन्दै, राजनीतिक गतिविधि बढ्यो

**काठमाडौँ।**
प्रतिनिधिसभाको निर्वाचन आउन अब मात्र ८१ दिन बाँकी छ। निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक तयारी गरिरहेको छ । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फको दल दर्ताको प्रक्रिया सकाइसकेको छ।

सरकारले पनि निर्वाचनका लागि आवश्यक तयारी तथा सहजीकरण गरिसकेको छ । राजनीतिक दलहरूले पनि निर्वाचनका गतिविधि अगाडि बढाएका छन्। मुलुक क्रमशः निर्वाचनको माहोलमा अगाडि बढिरहेको आभास भएको छ। देशव्यापी रूपमा राजनीतिक गतिविधि बढ्न थालेको छ । प्रमुख राजनीतिक दलदेखि नयाँ राजनीतिक दलले पनि देशव्यापी रूपमा निर्वाचन केन्द्रित अभियान सुरु गरिसकेका छन्।



नेपाली कांग्रेसले देशव्यापी रूपमा उम्मेदवार छनोट गरी केन्द्रमा पठाउन थालिसकेको छ । सो दलले प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको उम्मेदवार छनोट गरिरहेको छ। प्रतिनिधिसभा सदस्यको उम्मेदवारसँगै राष्ट्रियसभाको उम्मेदवारसमेत कांग्रेसले छनोट गरिरहेको छ। उम्मेदवार छनोटमा अन्य राजनीतिक दलभन्दा कांग्रेस अगाडि देखिएको छ।

नेकपा (एमाले)को शनिबारदेखि ११औँ महाधिवेशन सुरु भएको छ । महाधिवेशनको उद्घाटनसत्रमा सो दलका अध्यक्ष केपी शर्मा ओलीले दबाब र प्रतिशोधको छायाँबाट मुक्त चुनाव हुँदा बहुमत ल्याउने ल्याकत भएको एमाले चुनावबाट भाग्छ ? भन्ने प्रश्न गरेका छन। उनले सरकारले निष्पक्ष र स्वतन्त्र चुनाव हुने वातावरण बनाउनुपर्ने धारणा राखेका थिए।

अध्यक्ष ओलीले निर्वाचनका लागि आवश्यक वातावरण बनाउन र राजनीतिक दलका गतिविधिलाई प्रोत्साहित गर्न आग्रह गरेका थिए। एमालेले निर्वाचनका लागि आयोगले तय गरेको समयसीमाभित्रै दल दर्तालगायतका गतिविधि सम्पन्न गरिसकेको छ।

यस्तै, विभिन्न कम्युनिस्ट पार्टी एकीकृत भएर बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले सन्देशसभाका नाममा देशव्यापी रूपमा निर्वाचन केन्द्रित गतिविधिलाई तीव्र पारेको छ। सो दलले शनिबार सुर्खेतको वीरेन्द्रनगरमा जनसभाको आयोजना गरेको थियो । धनगढी, दाङ, पोखरा, विराटनगर र जनकपुरमा सन्देशसभा गरिसकेको नेपाली कम्युनिष्ट पार्टीले आगामी पुस ५ गते काठमाडौँमा सन्देशसभा आयोजना गर्दैछ । देशभर नै सन्देशसभा आयोजना गरेर निर्वाचनको पक्षमा उभ्याएको सो दलले तोकिएको मितिमा नै निर्वाचन हुनुपर्ने प्रष्ट मत जाहेर गरेको छ। सो दलका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार सुर्खेतमा आयोजित सभामा निर्वाचन तोकिएको मितिमा नै सम्पन्न हुनुपर्ने र त्यसका लागि आफ्नो पार्टी क्रियाशील भइसकेको बताउनुभएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनका लागि वाचापत्र तयार पार्नेदेखि उम्मेदवार छनोटको प्रक्रिया अगाडि बढाइसकेको छ । समानुपातिकतर्फको उम्मेदवारको आवेदन गरेको सो पार्टीले पनि भेला सभामार्फत निर्वाचन केन्द्रित गतिविधि गरिरहेको छ।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले जनसङ्ख्याका आधारमा समानुपातिकतर्फको प्रतिशत निर्धारणको प्रक्रिया अगाडि बढाइसकेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रको व्यवस्थाबमोजिम दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम समूहका लागि प्रतिशत निर्धारण गर्न लागिएको हो।

यस्तै, समानुपातिक प्रणालीतर्फ कुल एक सय राजनीतिक दलले भाग लिने भएका छन् । निर्वाचन आयोगले शुक्रबार ती राजनीतिक दल दर्ता भएको र निर्वाचन चिह्नसमेत उपलब्ध गराइसकेको छ । यही मङ्सिर २१, २२ र २३ गते तीन दिनको समयभित्र समानुपातिकतर्फको निर्वाचनमा भाग लिनका लागि आवेदन दिएका राजनीतिक दलमध्ये अन्तिम रूपमा एक सय दल कायम भएका छन्।

सो निर्वाचन प्रणालीतर्फ एक सय दलले आवेदन दिएको भए पनि दुई वा दुईभन्दा बढी दलले एकल निर्वाचन चिह्नमा भाग लिनेगरी आवेदन दिएकाले कुल ९३ वटा निर्वाचन चिह्न कायम गरिएको छ । यस्तै, प्रत्यक्षतर्फ एक सय १४ राजनीतिक दल सहभागी हुँदैछन्।

आयोगले निर्वाचन आचारसंहिताको मस्यौदा तयार पारेर आवश्यक सुझाव सङ्कलन गरिरहेको छ । निर्वाचनका लागि नै सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सेना परिचालनको स्वीकृति दिइसक्नुभएको छ । शान्ति सुरक्षा कायम गर्दै स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन गृह मन्त्रालयले आवश्यक तयारी गरिसकेको गृहमन्त्री ओमप्रकाश अर्यालले स्पष्ट पारिसक्नुभएको छ।रासस

## एमाले महाधिवेशनः

# सांस्कृतिकदेखि आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग

**भक्तपुर।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन शनिबार भक्तपुरको सल्लाघारस्थित मैदानमा भव्य रुपमा भएको छ । देशैभरबाट आएका एमालेका नेता तथा कार्यकर्ता एवं शुभेच्छुकको उल्लेखनीय सहभागिता रहेको तीनदिने महाधिवेशनको उद्घाटन पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्नुभयो । महाधिवेशनको उद्घाटन सत्रपछिका बाँकी कार्यक्रम काठमाडौँको भृकुटीमण्डपमा हुनेछन् । ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्व बोकेको काठमाडौँ उपत्यकाको सबैभन्दा पुरानो मन्दिर एवं विश्वसम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरको काख सल्लाघारीमा कलात्मक ढङ्गबाट बनाइएको मञ्च आकर्षणको केन्द्र बन्यो । नेपाल ट्रष्टको स्वामित्वमा रहेको एक सय आठ रोपनी चौरमा उपस्थित अधिकांश सहभागीले उक्त ऐतिहासिक मन्दिरका बारेमा चासो राख्दै घुमफिर तथा दर्शन गर्ने सन्दर्भमा एकापसमा कुराकानी गरिरहेको सुनिन्थ्यो ।

ओखलढुङ्गाबाट महाधिवेशनस्थलमा आउनुभएका सन्तोष खड्काले चाँगुनारायण मन्दिरलाई स्टेजमा देखेर मन्दिर पुग्न मन आतुर भएको बताउनुभयो । साथीहरूसहितको टोलीले मन्दिर अवलोकन गर्ने जानकारी दिए । खड्काले भने, 'चाँगुनारायण मन्दिर अहिलेसम्म पुगेका छैनौं, महाधिवेशनको उद्घाटन सत्रअन्तर्गत मञ्च व्यवस्थापनका क्रममा निर्माण गरिएको मन्दिरको संरचना देख्दा त्यहाँ पुग्न मन लाग्यो, नजिकै रहेछ, अब चाँगुनारायण मन्दिर जाने भयौँ।'

त्यसैगरी, खोटाङबाट आउनुभएका रवीन्द्र श्रेष्ठ महाधिवेशनमा बनाइएको 'स्टेज'ले इतिहास र धार्मिक महत्वको मात्र प्रचार गरेन, मन्दिरको महत्वसँगै आन्तरिक पर्यटन प्रवद्र्धनमा पनि सहयोग पुग्ने बताउछन । स्टेजमा देखिएको मन्दिरको आँगनमा प्रत्यक्ष पुग्न अधिकांश सहभागी लालायित भएको उल्लेख गर्दै उनले भने, 'महाधिवेशनका क्रममा काठमाडौँ आएका बेला अब एकपटक मन्दिर पुगिन्छ, साथीभाइसँगै घुमफिर गरी मन्दिरको दर्शन पनि गरिन्छ।'



सांस्कृतिक झाँकी, न्याउली बाजादेखि जङ्कुसम्मले थप्यो रौनक

एमालेको महाधिवेशनमा समावेश गरिएका विभिन्न जातजाति, वेशभूषा एवं कला र संस्कृति झल्कने बाजागाजा, झाँकी एवं नृत्यदेखि नेवार समुदायमा ज्येष्ठ नागरिकले मनाउने जङ्कुसमेतको प्रदर्शनले महाधिवेशनको उद्घाटनसत्रलाई रौनकता थपेको देखिन्थ्यो । भक्तपुरका चारवटै पालिकाबाट आएका बाजागाजासहितको र्यालीमा धिमेबाजा, बैण्डबाजा, बाँसुरी बाजा, न्याउली बाजासहित नेवार सुमदायका महिलाले लगाउने पहिरन हाकुपटासीमा नृत्य, मगर, लामालगायत विभिन्न जातजातिको सांस्कृतिक झल्कोसहितको नृत्य, झाँक्री नृत्यलगायतको प्रदर्शनले उद्घाटनस्थललाई रोमञ्चित बनाएको थियो।

त्यसैगरी, विभिन्न जिल्लाबाट आएका सहभागी सम्मिलित स्थानीय बाजा तथा सांस्कृतिक नाचसहितको र्याली हेर्नलायक देखिन्थ्यो । सहभागीहरू स्वःस्फूर्त रूपमा नाचगान गर्दै रमाइरहेका देखिन्थे । सल्लाघारीस्थित चौरमा कोही भाषण सुन्नमै मस्त थिए भने केही चौरमा विभिन्न जातजातिको पहिचान बोकेको नृत्यमाण्डलीसँगै मिसिएर नाचगान गर्न तल्लिन देखिन्थे।

कार्यक्रमस्थलमा भक्तपुरको नेवार समुदायले ९९ वर्षीया हजुरआमालाई जङ्कुको भेषमा सिङ्गारिएको रथमा राखी ६ छोरानातिले बोकेर कार्यक्रमस्थलको अग्रभागमा प्रवेश गर्दा निकै रौनकता थपेको थियो । यस किसिमको जीवन्त संस्कृति र पहिचानलाई ७७ जिल्लाकै सहभागीले देख्ने, जान्ने मौका पाए । कार्यक्रम सम्पन्न हुने बेलासम्म पनि विभिन्न झाँकी एवं नाच प्रदर्शन भइरहेका थिए भने उद्घाटनसत्रको स्टेजमा समेत कार्यक्रमका बीचबीचमा विभिन्न गीत, नृत्य एवं सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

एमालेको १०औँ महाधिवेशनका क्रममा चितवनमा सडक अवरुद्ध भई जनजीवन अस्तव्यस्त भएको पाठबाट सिकी यसपटक एमाले भक्तपुर जिल्ला कमिटीले सम्बद्ध सुरक्षा निकायका पदाधिकारीसँग समन्वय गरी तयार गरेको रुटमा र्याली निकाल्दा कुनै पनि सडकमा कुनै पनि बाधाव्यवधान हुन पाएन । उल्लेखनीय जनसहभागिता रहे पनि काठमाडौँबाट भक्तपुर हुँदै काभ्रे जाने मुख्य सडक अरनिको राजमार्ग दिनभर सञ्चालनमा रह्यो । धेरैले र्याली अव्यवस्थित भई सडक अवरुद्ध हुने आकलन गरिरहेको अवस्थामा गट्ठाघर र जगातिबाट आएको र्याली ६ लेन सडकको 'सर्भिस ट्र्याक'मात्र प्रयोग गरेको देखिन्थ्यो । दिनभर नै सवारीसाधन कुदिरहेका देखिन्थे । एमाले भक्तपुर जिल्ला अध्यक्ष बचन देउजाले पार्टीले र्याली आउने रुट निर्धारण गर्दै सर्भिस ट्र्याकमात्र प्रयोग गर्न ठाउँठाउँमा स्वयंसेवक र जिल्ला प्रशासन कार्यालयले सुरक्षाकर्मी परिचालन गरेकाले सडक अवरुद्ध नभएको बताए।

जुजुधौ बिक्रेतादेखि साना व्यापारी खुसी

एमालेको उद्घाटनस्थलमा भक्तपुरको पहिचान बोकेको जुजुधौदेखि नवारी खाजासम्मका परिकारले सहभागीलाई सहज मात्र बनाएन विशेषगरी साना व्यापारी लाभान्वित भए । चौरको पश्चिम कुनामा राखिएको खाजाका केही कक्षमध्ये 'जय शम्भो जुजुधौ सेन्टर'ले विभिन्न जिल्लाबाट आएका सहभागीलाई देशभर प्रख्यात भक्तपुरको उत्कृष्ट जुजुधौ खुवाउन पाएकामा खुसी व्यक्त गरेको छ । व्यवसायी कान्छाराम सैंजुले व्यापार राम्रो भएर खुसी भएको बताउँदै विभिन्न जिल्लाबाट आएका नेपाली दाजुभाइ, दिदीबहिनीलाई जुजुधौ खुवाउन पाउँदा थप खुसी लागेको बताए।

नजिकै मःमः व्यापारीले पनि राम्रो व्यापार गरेको बताउँदै पश्चिमतर्फको नेवारी खाजाघरमा समेत दिनभरका भीडले निकै राम्रो व्यापार भएको रामप्रसाद श्रेष्ठले बताए । बदाम, सुन्तलादेखि विभिन्न परिकार बिक्री राम्रो भएको भन्दै बदाम व्यापारी अनिल भजुले आज एकैदिन एक सातामा बिक्री हुने बदाम बिक्री गरेको बताए।

महाधिवेशन उद्घाटनस्थलको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयले तीन तहको सुरक्षा तैनाथ गरेको जानकारी दिँदै सुरक्षा व्यवस्थालाई साँझसम्म नै मजबुत बनाइएको भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए । उनले बिहान 'बम डिटेक्टर' उपकरण प्रयोग गरी मञ्च, सभास्थल र वरपरका क्षेत्रमा सुक्ष्म जाँच गरेको, सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र सादा पोसाकका प्रहरी गरी दुई हजार ५०० सुरक्षाकर्मी परिचालन गरेको, सभास्थलमा राखिएका सिसी क्यामेराबाटसमेत निगरानी गरेको बताए।

सहभागीको उल्लेख्य उपस्थिति

दुई हजार २६२ प्रतिनिधिको सहभागिता रहेको महाधिवेशनको उद्घाटन कार्यक्रममा ७७ वटै जिल्लाका सहभागीले एक सय आठ रोपनी क्षेत्रफल भरिएको थियो । महाधिवेशन उद्घाटनका अवसरमा भरिएको चौरमा कतिपय आउने र फर्कनेक्रम जारी रहेकाले सहभागी सङ्ख्या एकिन गर्न कठिन भएको थियो। अपेक्षा गरिएभन्दा बढी व्यक्तिको उपस्थिति रहेको एमाले भक्तपुर जिल्ला उपाध्यक्ष किरण थापामगरले जानकारी दिए । उनले टाढासम्म रहेका सहभागीले वक्तालाई देख्ने र बोलेको सुनिनेगरी मञ्चको दायाँबायाँ ३० फिट अग्ला दुईवटा 'एलइडी स्क्रिन' राखेको र मञ्चबाट तीन किलोमिटर परसम्म सुन्न सकिने एक सय १५ उच्च गुणस्तरका 'साउन्ड सिस्टम' जडान गरेकाले सल्लाघारी चौरभन्दा बाहिर रहेका हजारौँले नेताको सम्बोधन सहजै सुन्न सक्नेगरी व्यवस्था मिलाइएको बताए।

पार्किङमा भएन समस्या

महाधिवेशन उद्घाटनसत्रमा सहभागी विभिन्न जिल्लाबाट आउने सवारीसाधन तोकिएको क्षेत्रमा पार्किङ गरिएकाले कुनै समस्या झेल्नु नपरेको उपाध्यक्ष थापामगरले जानकारी दिए । थानकोट हुँदै विभिन्न जिल्लाबाट आएका सवारीसाधनलाई नागरिक उड्डयन प्राधिकरण गठ्ठाघरको खाली चौरमा तथा काभ्रे हुँदै आउने सवारीका लागि जगातिस्थित भाइरल प्लानिङमा पार्किङको व्यवस्था गरिएकाले सवारी व्यवस्थापनमा सहज भएको एमाले जिल्ला अध्यक्ष देउजाले स्पष्ट पारे।

**आन्तरिक पर्यटन प्रवद्र्धनका टेवा**

महाधिवेशनमा विभिन्न जिल्लाबाट सहभागी हुन आएका प्रतिनिधि एवं कार्यकर्ता कार्यक्रमस्थलबाट भक्तपुर नगरपालिकाभित्रका सम्पदाको अवलोकन गर्न पुगेका देखिन्थ्यो । कतिपय कार्यक्रम सकिनु अगाडि नै र कतिपय कार्यक्रम सकिएपछि भक्तपुर दरबार स्क्वायरमा रहेको ५५ झ्याले दरबार, पाँचतले मन्दिरलगायतका सम्पदा अवलोकनका लागि त्यसतर्फ लामबद्ध देखिन्थ्यो।

महाधिवेशनमा आएर शनिबार नफर्किएकाहरु आज भक्तपुरका सम्पदा, मध्यपुरथिमिका सम्पदा र चाँगुनारायणको सम्पदा अवलोकनका लागि जाने भएकाले यहाँको आन्तरिक पर्यटनमा केही हदसम्म सहयोग पुग्ने देखिन्छ । भक्तपुर नगरपालिकाका रामचन्द्र प्रजापति भक्तपुरको सम्पदा अवलोकनका लागि महाधिवेशनमा आएकाले भक्तपुरको प्रमुख बजार तथा सम्पदा क्षेत्रमा दिनभर भीडभाड लागेको, विशेषगरी होटल तथा रेष्टुराँले मनग्य आम्दानी गरेको, जुजुधौ अत्यधिक बिक्री भएको, पेय पदार्थसहित बदाम र सुन्तलाको व्यापार अत्यधिक भएको बताउछन।

उद्घाटनस्थलको सरसफाइ

महाधिवेशन उद्घाटनस्थलको सरसफाइ र व्यवस्थापन शनिबार साँझदेखि सुरु भएको छ। चौरमा फालिएको फोहर सबै सफा गरिने पार्टी उपाध्यक्ष किरण थापाले जानकारी दिए । उनले भने, 'कार्यक्रमस्थलको सबै सरसफाइ शनिबार रातिसम्म सक्छौँ, अस्थायी शौचालयको व्यवस्थापन गर्छौं, मञ्चलाई आज नै भत्काएर आज भृकुटीमण्डपमा राख्नेगरी आवश्यक तयारी गरेका छौँ।'रासस

# ई–रिक्सा व्यवस्थापनतर्फ जनकपुरधाम उपमहानगरपालिकाको कडाइ



**जनकपुरधाम ।** मधेश प्रदेशको राजधानी जनकपुरधाममा अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएका ई–रिक्सालाई व्यवस्थापन गर्न जनकपुरधाम उपमहानगरपालिकाले अभियान सुरु गरेको छ । नगर क्षेत्रमा अत्यधिक ई–रिक्साको चाप बढ्दै जाँदा ट्राफिक जाम, अव्यवस्थित पार्किङ र सर्वसाधारणलाई हुने सास्तीलाई मध्यनजर गर्दै उपमहानगरपालिकाले दर्ता नभएका ई–रिक्सामाथि कडाइ गर्न थालेको हो । जनकपुरधाम उपमहानगरपालिकामा दर्ता भएको रिक्सलाई मात्रै नगर क्षेत्र भित्र संचालन गर्न दिने र बाँकी र परिक्रमा क्षेत्र बाहिर संचालन गर्न दिने गरिएको छ । यसको लागि जनकपुरधाम उपमहानगरपालिकालाई जिल्ला ट्राफिक प्रहरीको समयोजनमा अभियान संचालन गरेको छ । जनकपुरधाम उपमहानगरपालिकामा दर्ता भएका र यातायात व्यवस्था कार्यालयमा समेत दर्ता भएका ई–रिक्सा नगर क्षेत्रमा सञ्चालनमा आएपछि मुख्य बजार क्षेत्रमा घण्टौँसम्म ट्राफिक जाम हुने समस्या देखिँदै आएको छ । विशेषगरी रामचोक, बसपार्क, रामानन्द चौक लगायतका स्थानमा ई–रिक्साको अत्यधिक चापका कारण पैदलयात्री, सवारी चालक र सर्वसाधारणले दैनिक रूपमा सास्ती भोग्दै आएका छन् ।

जनकपुरधाम आउने पर्यटकहरू यसबाट बढी प्रभावित हुने गरेका छन् ।

ई–रिक्सा चालकहरूका अनुसार जनकपुरधाम क्षेत्रमा हाल करिब १४ देखि १५ हजारसम्म ई–रिक्सा सञ्चालनमा छन् । तर जनकपुरधाम उपमहानगरपालिकामा करिब २ हजार र यातायात व्यवस्था कार्यालय जनकपुरधाममा पनि करिब २ हजार गरी जम्मा ४ हजार ई–रिक्सा मात्रै दर्ता भएका छन् । बाँकी ई–रिक्सा दर्ताबिनै वा अन्य स्थानमा दर्ता भएर जनकपुरधाममा सञ्चालन भइरहेका छन् ।

ई–रिक्साको अत्यधिक चापले नगर व्यवस्थापनमै समस्या उत्पन्न भएपछि उपमहानगरपालिकाले हाल ई–रिक्सा दर्ता प्रक्रिया बन्द गरेको छ । साथै, नगर क्षेत्रमा दर्ता भएका ई–रिक्सालाई मात्र नगरभित्र सञ्चालन गर्न दिने र अन्य स्थानमा दर्ता भएका ई–रिक्सालाई नगर क्षेत्र प्रवेशमा रोक लगाउने निर्णय कार्यान्वयनमा ल्याइएको छ ।



जनकपुरधामको अस्पताल रोड एरियामा रहेक समय जामको सास्ती स्थानियहरुले खेप्दै आएका छन ।

स्थानीयवासीहरूका अनुसार ई–रिक्साको अव्यवस्थित पार्किङ र जथाभावी सञ्चालनका कारण नगर क्षेत्र अस्तव्यस्त देखिन थालेको छ। सवारीसाधनको चाप बढ्दा सडक नै साँघुरो भएको अनुभूति हुने गरेको छ । त्यसमाथि ई–रिक्साको कुनै निश्चित भाडादर नतोकिँदा मनपरी भाडा असुली हुने गरेको गुनासो पनि बढ्दो छ । खासगरी

यस निर्णयको जानकारी गराउन आजदेखि नगरका विभिन्न चोकहरूमा माइकिङ गर्दै सचेतना अभियान सुरु गरिएको छ । केही दिनसम्म सचेतना दिइने र त्यसपछि पनि नियम उल्लंघन गरेमा जरिवानासहित कडाइ गरिने उपमहानगरपालिकाले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख सूर्यबहादुर शाहीले ई–रिक्सा दर्ता र सञ्चालनसम्बन्धी अधिकार स्थानीय तहलाई रहेको बताए । उनले यातायात कार्यालयमा समेत दर्ता भएका ई–रिक्सा नगर क्षेत्रमा सञ्चालन हुँदा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको उल्लेख गरे । उनले जनकपुरधाममा देखा परेको जामको समस्याहरुलाई हटाउनको लागि ◌केही क्षेत्रमा वनवेको रुट निर्धारण गरिएको खण्डमा समस्या केही हद सम्म समाधान हुने उनले बताए । नगर क्षेत्रमा दर्ता भएका ई–रिक्सालाई नगरभित्रै सञ्चालन गर्न दिने र नगरमा दर्ता नभएका ई–रिक्सालाई परिक्रमा सडकबाहिर सञ्चालन गर्न दिने सहमति अनुसार अभियान सुरु गरिएको शाहीले बताए ।

'यस अभियानले नगरको सुन्दरता जोगिनुका साथै मजदुरहरूको आम्दानीमा पनि असर नपर्ने विश्वास लिएका छौँ,' उनले भने ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले ट्राफिक प्रहरीसँगको समन्वयमा नगरका सबै प्रमुख चोकहरूमा अभियान सञ्चालन भइरहेको जानकारी दिए । हाल नगर क्षेत्रमा दर्ता भएका ई–रिक्सालाई मात्र सञ्चालन गर्न आग्रह गरिएको र केही समयपछि कडाइका साथ नियम पालना गराइने उनले बताए ।

'जथाभावी ई–रिक्सा सञ्चालनका कारण नगरमा ट्राफिक जामको समस्या बढ्दै गएको छ,' प्रमुख साहले भने, 'नगर क्षेत्रमा दर्ता भएका ई–रिक्सालाई मात्र सञ्चालन गर्न दिँदा ट्राफिक व्यवस्थापनमा ठूलो सुधार आउनेछ ।'

उपमहानगरपालिकाको यो कदमले जनकपुरधामको ट्राफिक व्यवस्थापन, नगर सौन्दर्य र सर्वसाधारणको दैनिकी सहज हुने अपेक्षा गरिएको छ ।

# एमाले ११ औँ महाधिवेशनः यस्तो चयन हुनेछ केन्द्रीय कमिटीको संरचना



**काठमाडौँ ।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ महाधिवेशनबाट निर्वाचित हरेक भूगोल र क्षेत्रमा ४० वर्ष मुनिका युवालाई अनिवार्य हुने ३०१ सदस्यीय केन्द्रीय कमिटीको संरचना तय गरिएको छ । आइतवार सुरु भएको बन्दसत्रमा पारित प्रस्तावअनुसार केन्द्रीय कमिटीमा महिला, युवा, आदिवासी–जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, श्रमिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रबाट समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

नयाँ संरचनाअनुसार केन्द्रीय कमिटीमा १९ पदाधिकारी रहनेछन्, यसमा अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव ३ र सचिव ९ जना रहने व्यवस्था गरिएको छ। वरिष्ठ उपाध्यक्षको व्यवस्था अब रहने छैन् ।

प्रदेशगत प्रतिनिधित्वअन्तर्गत उपत्यकासहित सबै आठ प्रदेशबाट ७२ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । प्रत्येक प्रदेशबाट नौ जनाको प्रतिनिधित्व रहनेछ, जसमा पाँच जना खुला, तीन जना महिला र एक जना युवा रहने एमालेको महाधिवेशन प्रचार कमिटीका संयोजक पदमा अर्यालले जानकारी दिए ।

खुला कोटाबाट १२५ जना केन्द्रीय सदस्य चयन हुनेछन् ।

उक्त कोटामा ७१ जना खुला, ५२ जना महिला र दुई जना युवा समावेश गरिएका छन् ।

समावेशी संरचनाअन्तर्गत आदिवासी–जनजातिबाट २५ जना (खुला १५, महिला आठ, युवा २), मधेसीबाट १९ जना (खुला ११, महिला छ, युवा दुई), दलितबाट १२ जना (खुल्ला सात, महिला चार, युवा एक), थारु समुदायबाट आठ जना (खुला पाँच, महिला तीन), मुस्लिम समुदायबाट पाँच जना (खुला चार, महिला एक) प्रवासतर्फ भारतबाट एक र अन्य देशबाट एक गरी दुई जना, श्रमिकबाट तीन जना (खुला दुई, महिला एक), अपाङ्गता भएका व्यक्तिबाट एक जना, पिछडिएको क्षेत्रबाट दुई जना (खुला एक, महिला एक) सम्पर्क समन्वय कमिटीबाट दुई जना (खुला एक, महिला एक) रहने छ ।रासस

# सामूहिक नेतृत्व प्रणालीमा जानुपर्छः वरिष्ठ उपाध्यक्ष पोखरेल

**काठमाडौँ ।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले सामूहिक नेतृत्व प्रणालीमा जानुपर्नेमा जोड दिएका छन ।

भृकुटीमण्डपमा आइतवारदेखि सुरु भएको पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीमा सामूहिक नेतृत्व प्रणाली सुदृढ गर्न आवश्यक रहेको र विधि तथा पद्धतिबाट पार्टी अगाडि बढ्नुपर्ने बताए । उनले पार्टी अध्यक्ष केपी शर्मा ओलीले अघि सारेको पार्टी जीवनको लोकतान्त्रिक अवधारणा व्यवहारत कार्यन्वयन हुनुपर्ने बताए ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीले अनुभव र कमजोरीबाट पाठ सिक्दै अगाडि बढ्नुको विकल्प नभएको बताए । उनले पार्टीले सरकारको नेतृत्व गरिरहँदा जेन्जी आन्दोलन हुँदा कमी कमजोरीको समीक्षा गर्नुपर्ने बताए । वरिष्ठ उपाध्यक्ष पोखरेलले प्रस्तुत गरेका अवधारणा पत्र प्रतिनिधिहरुलाई बन्द सत्रमा विवरण गरिएको थियो ।

वामपन्थी विचार बोक्नेसँग एकताको पक्षमा वरिष्ठ उपाध्यक्ष पोखरेलले बताए । पार्टी जीवनमा लोकतन्त्र कमजोर हुने हो भने पार्टी कमजोर हुने उनको भनाइ थियो । यही मङ्सिर २७ गतेदेखि सुरु भएको एमालेको ११औँ महाविधेशनअन्तर्गत आजदेखि भृकुटीमण्डपमा बन्दसत्र सुरु भएको छ । महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ ।रासस

# संसद् राजनीतिको केन्द्र भएकाले विचारको टकराव हुन्छः सभामुख घिमिरे

**काठमाडौँ ।** सभामुख देवराज घिमिरेले संसद् कार्यपालिका मातहतको कुनै सामान्य सरकारी अड्डा नभइ राज्यको सर्वोच्च निकायको रूपमा रहेको विधायिकी संस्था भएको बताएका छन ।

उन्नाइसौँ संसद् सेवा दिवसका अवसरमा आइतवार आयोजित कार्यक्रममा सभामुख घिमिरेले संसद् जनताको सार्वभौमसत्ताको मन्दिर र राष्ट्रको भविष्य लेख्ने निकाय रहेको बताए । उनले भने, 'संसद् सेवालाई बन्द सेवाका रूपमा राखिनुको आफ्नै तर्क र आवश्यकता छ । यसको फाइदा र बेफाइदा दुवैलाई वस्तुनिष्ठ रूपमा हेरिनुपर्छ । संसद् सेवालाई केवल बन्द मात्र राख्ने होइन, यसलाई जीवन्त र गतिशील बनाउनुपर्ने आवश्यकता छ ।'संसदीय अभ्यासलाई विशिष्टीकृत मर्यादित र व्यावसायिक बनाउन विगत १९ वर्षअघि आजकै दिन छुट्टै ऐनमार्फत 'स्वायत संसद्' सेवाको गठन गरिएको थियो । संसद्ले बनाएका कानुन कार्यान्वनमा सरकारको कामको नियमन गरी प्रभावकारी भूमिका खेल्ने उल्लेख गर्दै सभामुख घिमिरेले यस सेवाका विशिष्टीकृत क्षमता राख्ने कर्मचारीले राजनीतिक उतारचढावका बीच आफ्नो व्यावसायिक धर्म र कर्तव्य पूरा गर्न सक्ने मान्यता राखिने धारणा व्यक्त गरे ।

'संसद् राजनीतिको केन्द्र हो । यहाँ विचारको टकराव हुन्छ, दलगत स्वार्थका बहस हुन्छन् । यस्तो उच्च राजनीतिक तापक्रम भएको ठाउँमा कर्मचारीले बरफ जस्तै शीतल र स्थिर रहनुपर्छ', सभामुख घिमिरेले भने, 'सरकारले संसद् र यसको सचिवालयमाथि आर्थिक र प्रशासनिक रूपमा अदृश्य बन्देज लगाउने प्रयास गरिरहेको छ । म सभामुखको हैसियतले स्पष्ट शब्दमा भन्न चाहन्छु, संसद् सरकारको अधीनमा रहने कुनै एउटा शाखा होइन ।'

सरकारलाई संसद्को स्वायत्ततामा आँच आउने कुनै पनि गतिविधि नगर्न आग्रह गर्दै सभामुख घिमिरेले संसद् कमजोर हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो र लोकतन्त्र कमजोर हुँदा अन्ततः राज्य नै असफल भन्ने पाटोलाई बुझ्न जरुरी रहेको धारणा राखे । नयाँ पुस्ता (जेन्जी)ले उठाएका मुद्दालाई सम्बोधन गर्ने थलो संसद् नै भएकाले त्यसको विघटनको आवश्यकता नरहेको तर्क गर्दै उनले संसद् भनेको उच्च सम्मान प्राप्त जनताबाट निर्वाचित देशकै सर्वोच्च र विश्वासनीय संस्था हो भन्ने विषयलाई आत्मसात गर्न आग्रह गरे ।

### लोकतन्त्रको सुन्दर र मुख्य पक्ष निर्वाचन होः अध्यक्ष दाहाल

राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले संसद्को मुख्य काम कानुन निर्माण, संसदीय निगरानी र सरकारका काम कारबाहीलाई जनताप्रति उत्तरदायी बनाउन निरन्तर रचनात्मक सुझावसहित खबरदारी गर्नु रहेको बताए । उनले गत भदौ २४ गते जेन्जी आन्दोलनकमा क्रममा भएका घटनाले राष्ट्रिय सम्पदा र देशलाई ठूलो नोक्सानी मात्र नभइ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा क्षतिबाट आहात भएको बताए ।

अध्यक्ष दाहालले भने 'पुरानो संसद् भवन जलेको र नयाँ भवन बन्न अझै केही समय कुर्नुपर्ने अवस्था छ । यस विषम परिस्थितिमा राष्ट्रियसभाको अबको सभा चलाउन कठिन भएको छ । त्यो अवस्था आउन हामी कति जिम्मेवार भयौँ ? हाम्रो भूमिका कस्तो रह्यो ? यी प्रश्नको जवाफ हाम्रा काम र व्यवहारबाट कसरी दिन्छौँ ? इतिहासले मूल्याङ्कन गर्नेछ ।'

हाम्रो पक्षधरता संसद् सेवालाई सङ्घीय संसद्, लोकतन्त्र र जनताप्रति हो भन्दा भन्दै व्यवहार कस्ता भइरहेका छन् भनी प्रश्न गर्दै उनले भने, 'कतै हाम्रा पक्षधरताहरू कुनै नेता, उच्च कर्मचारी र समूह वा स्वार्थबाट निर्देशित त छैनन ? यी र यस्तै सवालबारे गहन छलफल र समीक्षा गरी अगाडि बढ्नुपर्छ ।'

लोकतन्त्रको सुन्दर र मुख्य पक्ष निर्वाचन भएकाले त्यसमा जनचासो, जनविश्वास र भरोसा अडिएको उल्लेख गर्दै अध्यक्ष दाहालले आगामी फागुन २१ गते प्रतिनिधिसभाको चुनाव समयमै भयरहित वातावरणमा निष्पक्ष र धाँधलीरहित गराउन सरकारलाई सहयोग गर्न आह्वान गरे । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हले जनप्रतिनिधिमूलक सर्वोच्च संस्थाको रूपमा रही कानुन निर्माण गर्ने जिम्मेवारी बोकेको संसद् सेवा एक विशिष्टिकृत सेवा भएकाले व्यावसायिक, निष्पक्ष र मर्यादित रूपमा अघि बढाउन आवश्यक रहेको बताए । कानुनलाई थप स्पष्ट, सरल, बोधगम्य र पठनयोग्य हुने गरी निर्माण गर्नु आजको आवश्यकता रहेको उल्लेख गर्दै उनँले संसद्को भूमिकालाई प्रभावकारी बनाउन सरकार संसद् सेवाको सदृढीकरणका लागि आवश्यक नीतिगत तथा संस्थागत सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

मन्त्री सिन्हाले संसद् सेवाले संविधान बमोजिम संसद् र जनताको सेवामा उच्च व्यावसायिकता र उत्तरदायित्वका साथ निरन्तर आफ्नो कार्य जिम्मेवारीमार्फत योगदान पुऱ्याउन सफल होस् भनी शुभकामना व्यक्त गरे ।

उपसभामुख इन्दिरा रानाले सङ्घीय संसद् सचिवालय कानुन निर्माण र संसदीय प्रक्रियाबारे अध्ययन गर्न चाहनेका लागि विश्वविद्यालय भएको बताईन । उनले भनिन, 'कानुन तर्जुमा देशमा विधिको शासन स्थापित गर्ने सवालमा संसद्ले मुटुको कार्य गरेको छ । लोकतान्त्रिक प्रक्रियामा निर्वाचन आवश्यकता हुन्छ । आगामी निर्वाचनलाई सफल तुल्याउने अभिभारा हामी सबैको हो ।'

राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेलले मुलुक अप्ठेरो परिस्थितिमा रहेका बेला प्रतिनिधिसभा नभएका कारण जनताका आवाज अबरुद्ध हुन पुगेको धारणा राखिन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव राजकुमार श्रेष्ठले राष्टसेवक कर्मचारीले सेवाप्रतिको लगनशीलता र कर्तव्यनिष्ठाकासाथ काम गर्ने बानीको विकास गरेमा अप्ठयारो पर्दा समेत सहज निकास दिन तथा नतिजा प्राप्त गर्न सकिने पक्षलाई हेक्का राख्न सुझाव दिए ।

सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय र सचिव डा रोजनाथ पाण्डेले देश निर्माणको अभियानमा लागेका राजनीतिक दलका नेतालाई राष्ट्र सेवक कर्मचारीले सहयोग गर्नुपर्ने दायित्व अनुरुप संसद् सेवाका कर्मचारीले त्यस पक्षलाई मनन गर्न सुझाव दिए । उनिहरुले संसद् सेवामा रहेका कर्मचारीलाई आफ्नो कार्य जिम्मेवारी पूरा गर्ने सिलसिलामा राजनीतिक दृष्टिकोणबाट प्रभावित नभइ, कसैप्रति झुकाव नराखी कार्य सम्पादन गर्न निर्देशन दिए ।

संसद् सचिवालय कर्मचारी युनियनका अध्यक्ष रेणुका सुवेदीले कानुन निर्माण जस्तो महत्वपूर्ण र संवेदनशील स्थानमा रही अहोरात्र खटिने संसद् सेवाका कर्मचारीको उत्प्रेरणा र मनोबल बढाउँदै लैजानुपर्ने आवश्यकता औँल्याए ।रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन